ग्रन्थसार

वे.
७८१

शरदकुमार भट्टराई

ग्रन्थको नाम : ग्रन्थसार
लेखक : श्रीराजर्षिजनकस्मृतिकोषका संस्थापक अध्यक्ष तथा वर्तमान समयमा श्रीराजर्षिजनकस्मृतिकोषका प्रमुख सल्लाहकार – शरदकुमार भट्टराई
सर्वाधिकार : © लेखकमा सुरक्षित
प्रकाशक : श्रीराजर्षिजनकस्मृतिकोष
विजयचोक, प्रयागमार्ग, बत्तीसपुतली–९, काठमाडौँ
प्रकाशन मिति : वि.सं. २०८२ वैशाख १३ गते
प्रकाशित सङ्ख्या : ३००
मूल्य : २००।–
कम्प्युटर सेटिङ्ग : श्रीखड्गप्रसाद खनाल
मुद्रक : एलायन्स प्रिन्टर्स एण्ड मिडियाहाउस प्रा.लि.

समर्पण

यो ग्रन्थसार लेखेँथेँ गरेर ब्रह्मचिन्तन ।
ब्रह्मकै हुँ म सद्‌बिम्ब ब्रह्ममा नै समर्पण ॥

आद्यजगद्‌गुरु
श्रीशङ्कराचार्य

गुरुमाता
ब्रह्मलीना बालकुमारी

पिता
ब्रह्मलीन धर्मदत्त भट्टराई

माता
ब्रह्मलीना रन्धतादेवी भट्टराई

आद्यशङ्कर माताश्री पिताश्री गुरुमाकन ।
श्रद्धाभक्ति लिई गर्छु ग्रन्थसार समर्पण ॥

ग्रन्थकार –
श्रीराजर्षिजनकस्मृतिकोषका संस्थापक अध्यक्ष तथा
वर्तमान समयमा श्रीराजर्षिजनकस्मृतिकोषका
प्रमुख सल्लाहकार श्रीशरदकुमार भट्टराई

वे. ७८१

'ग्रन्थसार' मा सङ्क्षिप्त अभिमत

– प्रा. डा. ध्रुवप्रसाद भट्टराई
नेपाल संस्कृत विश्वविद्यालय

साहित्य, समालोचना र अनुस्मृतिका साथै भक्ति र वेदान्त विषयका मौलिक र अनुवाद गरी बाउन्नओटा ग्रन्थ प्रकाशित गरिसक्नुभएका शरदकुमार भट्टराईको थप परिचय दिनु र कृतित्वबारे चर्चा गर्नु पिष्टपेषण मात्र हुन्छ। २०२६ सालदेखि हाल (२०८२) सम्म करिब छपन्न वर्षको अवधिमा उहाँका प्रकाशित ग्रन्थहरूको क्रममा **ग्रन्थसार** त्रिपन्नौँ कृतिका रूपमा आएको छ। भूमिका, पूर्वपीठिका र उत्तरपीठिका तीन भागमा आबद्ध यस कृतिको पूर्वपीठिकामा नेपाली साहित्य समेटिएको छ भने उत्तरपीठिकामा अद्वैत वेदान्त समावेश गरिएको छ। भूमिकामा उहाँका हालसम्म प्रकाशित सबै पुस्तकको सङ्क्षिप्त जानकारी दिइएको छ र पूर्वार्ध एवं उत्तरार्ध पीठिकामा तिनै पुस्तकको पद्यात्मक परिचय प्रस्तुत गरिएको छ। पुस्तकको उपान्ततिर आफ्नो पछिल्लो अवस्था र दिनचर्या उल्लेख गरिएको छ। अन्तिममा आफ्ना ग्रन्थहरूको शुद्धि, समीक्षा र सम्पादन गरिदिने व्यक्तिहरूप्रति सविनय कृतज्ञता व्यक्त गर्दै गुणग्राहिता देखाइएको छ। यो पुस्तक लेखकले भन्नुभए जस्तै उहाँका सबै कृतिको सिंहावलोकन नै हो। यसलाई पद्यात्मक ग्रन्थविवरणिका पनि भन्न सकिन्छ। यो अलिअलि आत्माख्यानतर्फ पनि ढल्किएको छ।

अहिले व्यस्त जीवनचर्या भएका धेरैजसो मानिसलाई धन र पदप्रतिष्ठा मात्र धेरै चाहिएको छ तर श्रम र साधना गर्ने जाँगर र प्रतीक्षा गर्ने अलिकति पनि धैर्य छैन। सूचनाप्रविधिको वैश्विक क्रान्तिले मानिस यान्त्रिक बन्दै गएको छ। त्यस्तो वर्गलाई आत्मतत्त्वको गूढ चिन्तन भएका दार्शनिक ग्रन्थतर्फ अभिमुख गराउनु चुनौतीपूर्ण छ। कसैले यस्ता दार्शनिक ग्रन्थ पढिहाल्यो भने पनि तिनको सार बुझ्न सक्दैन वा उल्टो बुझ्न सक्छ। बौद्धिक क्षेत्रको यो विषम परिस्थिति र समकालीन मानवको मनोविज्ञान बुझेर सबैको थोरै भए पनि आत्मोद्धार हुन सकोस् भन्ने ध्येयले **ग्रन्थसार**को रचना भएको बुझिन्छ।

लामा व्याख्यान र प्रवचन दिनु र ग्रन्थका ठेली लेख्नुभन्दा कहिलेकाहीँ तिनको ठिक सारसङ्क्षेप उतार्नु कठिन हुन्छ। कुनै पनि कथ्य र लेख्य सङ्कथनको

सार उतार्नका लागि बुद्धिको क्षिप्रता र भाषाको सिप आवश्यक हुन्छ। शैक्षिक उपाधिमूलक र सेवाप्रवेशमूलक लिखित परीक्षाहरूमा गद्यांश दिएर सारांश खिच्न वा संक्षेपीकरण गर्ने प्रश्न सोधिन्छ। यसको उद्देश्य परीक्षार्थीको बुद्धि र भाषिक सिपको परीक्षण गर्नु हो। छोटो र सरल गद्यांशको त सारांश खिच्न कठिन हुन्छ भने प्रौढ साहित्य र अद्वैत वेदान्त जस्तो ब्रह्मतत्त्वको गहन चिन्तन र प्रतिपादन गर्ने दर्शनमा आधारित ग्रन्थको सार खिचेर सर्वसंवेद्य हुने गरी छन्दोबद्ध पद्यमा प्रस्तुत गर्नु सामान्य बुद्धि भएका मानिसका लगि असम्भवप्रायः छ। शरद दाइले यस पुस्तकमा त्यही असम्भवप्रायः काम गरेर असाधारण मेधा देखाउनुभएको छ भन्ने मलाई लाग्छ।

यस कृतिमा प्रकाशित प्रत्येक पुस्तकको सार अनुष्टुप् छन्दका पद्यमा खिचिएको छ र प्रत्येक पद्यात्मक पुस्तकबाट प्रमाणका रूपमा सारगर्भित पद्य पनि उद्धृत गरिएको छ। प्रत्येक पुस्तकको सार दिइसकेपछि त्यसको लेखन वा प्रकाशनमिति, प्रकाशक र प्रकाशनस्थलको पनि जानकारी दिइएको छ। कतै कतै संस्कृतका सान्दर्भिक पद्यको उल्लेख गरिएको छ। यसबाट एकातिर शरद दाइका सबै पुस्तक पढ्न नपाउनेहरूलाई सामान्य ज्ञान भएको छ भने अर्कातिर पढ्न इच्छुकहरूलाई विषयबोध गर्ने पूर्वयोग्यताको आधार निर्माण गर्न सहयोग पुगेको छ। उहाँको सिङ्गो जीवन, सेवा, रुचि, स्वभाव, चिन्तन र दर्शन बुझ्नचाहिँ गद्यपद्य शैलीका सबै पुस्तक पढ्नु आवश्यक हुन्छ।

नजिकबाट चिन्नेबुझ्नेहरूका लागि शरद दाइको जीवन एउटा रोमाञ्चकारी र चाखलाग्दो उपन्यास जस्तो लाग्छ। अद्वैत वेदान्तको अध्ययन, मन नलागी नलागी खानुपरेको सरकारी जागिर, जागिरे जीवनमा भएगरेका तिलस्मी घटना, बेलायत र जापानको उच्चस्तरीय आधुनिक पढाइ, सरकारको सचिवसम्मको पदप्राप्ति, त्रिपन्नओटा प्रौढ ग्रन्थको लेखन र प्रकाशन, अनेकौँ फुटकर रचनाको सिर्जना, संस्थाको स्थापना र सञ्चालन, समाजसेवा, ब्रह्माभ्यास, तीर्थयात्रा आदि सबै काम सुसम्पन्न गर्न सक्ने उहाँको जीवन सधैँ सक्रिय छ, कर्मयोगी देखिन्छ। वेद भन्दछ :

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः। (यजु.४०।२)

अर्थात् यस संसारमा सय वर्ष बाँच्न चाहने मानिसले शास्त्रीय कर्महरू गरेर बाँच्न खोज्नुपर्दछ।

वे·६८१

नौ दशकको उमेर पूरा गर्ने तरखर गरिरहनुभएका शरद दाइले भक्ति र ज्ञानका पुस्तकहरूको लेखन र प्रकाशनको शुक्ल कर्म गर्दै जीवनलाई श्रुतिपथको अनुयायी बनाउनुभएको छ। यो कृति यस्तै कर्मयोगी जीवनको पछिल्लो प्रमाण हो। व्यक्ति र कृतिको प्रारम्भिक सूचना पाउन, साहित्यको अलिअलि आस्वादन गर्न, भगवद्भक्तिमा मन लगाउन, अद्वैत वेदान्तका दार्शनिक मान्यताबाट आत्मज्ञान र आत्मशोधन गर्न र कथ्य वा लेख्य सङ्कथनको सार खिच्ने सिपको विकास गर्न **ग्रन्थसार** सारपूर्ण कृति बनेको छ।

२०८२ । २ । २४

निर्जला एकादशी/तुलसीबीजरोपण

मन्तव्य

– प्रा.भवानीप्रसाद खतिवडा
राजर्षिजनक-स्मृति-कोषका महासचिव

१. उपक्रम

सच्चिदानन्द स्वरूप ब्रह्म मात्र एक सत्य वस्तु हो। जीवको वास्तविक स्वरूप पनि सच्चिदानन्दरूप नै हो। जीवलाई ब्रह्मदेखि भिन्न जस्तो बनाउने अज्ञान हो। त्यो अज्ञानको नाश नभएसम्म जीव ब्रह्माभिन्न हुन सक्दैन। अज्ञान नाश गर्ने सामर्थ्य ज्ञानमा मात्र छ।

अज्ञानमेवास्य हि मूलकारणम्
तद्धानमेवात्रविधौ विधियते।
विद्यैव तन्माशविधौ पटीयसी
न कर्म तज्जं सविरोध मीरितम् ॥ (रामगीता ९)

यो अज्ञानको नाश गर्ने सामर्थ्य भएको ज्ञान प्राप्त गर्न द्रष्टव्य पूर्वक शास्त्र श्रवण, मनन, निदिध्यासनजन्य स्वानुभूति हुनुपर्दछ भन्ने दृढ सङ्कल्पका साथ शम दमादि साधन चतुष्टय सम्पन्न श्रीशरदकुमार भट्टराईज्यूले २०२६ सालदेखि शुभारम्भ गरेर हाल २०८२ सालको अन्तरालमा करिव ५६ बर्षको अवधिमा उहाँका प्रकाशित कृतिहरू मध्ये यो ग्रन्थसार नामक कृति त्रिपन्नौँ कृतिको रूपमा आध्यात्मिक क्षितिजमा उदीयमान भइरहेको छ।

२. ग्रन्थको विशेषता

यस ग्रन्थमा ग्रन्थकारले यो भन्दा पहिले आफूले रचना गरेका सम्पूर्ण ग्रन्थहरूमा जे जति विषय उपस्थापन गरिएका छन्, ती सम्पूर्ण विषयवस्तुको सार खिचेर गागरमा सागर भरेझैँ गरी यस कृतिमा उपस्थापन गरिदिनु भएको छ। साहित्यिक एवं अद्वैत वेदान्तमूलक दार्शनिक कृतिको सार खिचेर सर्वजन हिताय सर्वजन सुखाय, तयार पारी छन्दोबद्ध पद्यात्मक कविताको रूपमा प्रस्तुत गर्नु सामान्य प्रतिभा सम्पन्न व्यक्तिका लागि असम्भवप्रायः भएता पनि यहाँ अद्वैत वेदान्तविद् भइकन पनि काव्यिक प्रतिभासम्पन्न हुनुभएको हुनाले श्रीशरदकुमार भट्टराईज्यूले आफ्नो असाधारण प्रतिभा प्रस्फुटन गरेर असम्भवलाई पनि सम्भव

सिद्ध गर्नुभएको छ । यो भन्दा पहिले आफूले रचना गरेका ज्ञान र भक्ति, रासपञ्चाध्यायी, ब्रह्मसाक्षात्कार, उपनिषत्सार, ब्रह्मविद्या, अजातवाद, पराविद्या आदि बाउन्नवटै कृतिहरू अवश्यमेव पठनीय, मननीय एवं चिन्तनीय छन् तापनि ब्रह्मसूत्रकारिका र उपनिषत्कारिका यी दुईवटा कृतिहरू चाँही छुट्टै विशेषता बोकेर विद्वज्जगतमा जगमगाइ रहेका विशेष प्रकृतिका ग्रन्थ छन् ।

३. ब्रह्मसूत्रकारिकाको वशेषता

प्रस्थानत्रयीमा गणना गरिने ब्रह्मसूत्रलाई तर्कप्रस्थान वा न्यायप्रस्थान भनिन्छ । ब्रह्ममीमांसासूत्र, शारीरकमीमांसासूत्र, वेदान्तसूत्र र भिक्षुसूत्रले पनि सुपरिचित ५५५ सूत्रहरू र १९१ अधिकरण भएको ब्रह्म सूत्रमा समन्वय, अविरोध, साधन र फल गरी जम्मा ४ अध्याय छन् । प्रत्येक अध्यायमा ४, ४ पाउहरू छन् । यस्ता महत्त्वपूर्ण ग्रन्थमा सामान्य जिज्ञासुले प्रवेश र पार पाउन समेत अत्यन्त कठिन छ । अतः यस ग्रन्थमा सामान्य जिज्ञासु र पाठकलाई पनि प्रवेश गर्न सुगम होस् भन्ने सम्झेर वेदान्तविद् श्रीशरदकुमार भट्टराईज्यूले प्रश्नोत्तर शैलीमा संस्कृत कारिका र नेपाली कारिकामा समेत यो ब्रह्मसूत्रकारिका नामक ग्रन्थ तयार पार्नुभएको छ । यस ग्रन्थमा प्रयुक्त गुरु शिष्यका बीचको प्रश्नोत्तरात्मक शैलीले गर्दा भाष्य पढ्दा पनि नखुलेको सूत्र वा अधिकरणमा रहेको गूढ रहस्य कारिकाद्वारा ग्रन्थकारले यो ग्रन्थमा खोल्ने प्रयास गर्नुभएको छ । त्यसकारण ब्रह्मसूत्रको रहस्यार्थ बुझ्न चाहना भएका गुणग्राही मुमुक्षु जिज्ञासुहरूले ब्रह्मसूत्रकारिका अवस्यमेव पठनीय छ।

४. उपनिषत्कारिकाको विशेषता

उपनिषद् त्यो विद्या वा शास्त्र हो जसको द्रष्टव्य पूर्वक श्रवण, मनन र निदिध्यासन गर्नाले अविद्या निवृत्तिपूर्वक जीव र ब्रह्मको अभेदबोध निश्चय हुन्छ । मुख्य रूपमा उपनिषद् ब्रह्म विद्या नै हो तापनि गौणी वृत्तिले उपनिषद् शब्दको अर्थ ग्रन्थ पनि हुन्छ।(तादर्थ्याद् ग्रन्थोऽपि उपनिषद्) बृहदारण्यकोपनिषत् सम्बधभाष्य ।) उपनिषद्हरू पूर्वीय चिन्तन धाराका महत्त्वपूर्ण ग्रन्थहरू हुन् । वेदान्तको सैद्धान्तिक पक्ष उपनिषद्बाटै प्रतिपादित छ । त्यस कारण वेदान्त दर्शनका निमित्त उपनिषद् नै मूल अधिष्ठान हो । वेदका अनेकौँ शाखा अन्तर्गत उपनिषद्हरू परिगणित छन् । ती मध्ये बिशेष अध्ययन एवं अध्यापन परम्परामा

प्रसिद्ध उपनिषद्हरू जम्मा दशवटा रहेका छन् । तत्त्वप्रतिपादनका दृष्टिले दशोपनिषद्देखि अतिरिक्तका उपनिषद्हरू मध्येको श्वेताश्वतरोनिषद् केही विशिष्ट मानिएको हुनाले ईशादि एकादशोपनिषद्मा आधारित, उपनिषद्कारिका पनि नविनतम ग्रन्थको रूपमा लिन सकिन्छ। यो उपनिषद्कारिकामा गुरु शिष्य बीचको संवादात्मक प्रश्नोत्तर शैलीलाई नै अपनाइएको छ । यस ग्रन्थमा संवादका मूल पात्र गुरु र शिष्यलाई मूल रूपमा प्रस्तुत गराइए तापनि उद्दालक एवं श्वेतकेतु, सनत्कुमार र नारद, याज्ञवल्क्य र जनक सम्बाद आदि उपनिषद्मा नै विद्यमान गुरु शिष्य कै जोडीलाई समेत साक्षात् सम्बादको रूपमा उपस्थित गराएर उपनिषद्को रहस्य बुझ्न सहजीकरण गरिएको छ । यो ग्रन्थ केवल उपनिषद्को विषयवस्तु प्रधानमात्र नभएर उपनिषद्को तात्पर्यबोधप्रधान ग्रन्थ भएको हुनाले केवल साधारण जिज्ञासुहरूका लागिमात्र नभएर विद्वानूहरूका लागि पनि पठनीय छ।

५ उपसंहार

सारांशमा भन्नु पर्दा यो ग्रन्थ श्रष्टाको यत्किञ्चित् अध्ययनको उपस्थापन मात्र नभएर अद्वैतवेदान्त दर्शनका अनुभवी विद्वानूको अभिलेख पनि हो। अतः यस ग्रन्थमा विद्यमान प्रत्येक कारिकाहरूमा श्रष्टाको केबल शब्दजालमात्र नभएर विद्वत्ता विशिष्ट अनुभव पनि व्यक्त भएको छ। "अनुभवावसाना हि ब्रह्मविद्या" यो शास्त्रीय सिद्धान्तबाट विचलित नभइकन अद्वैतात्मक दुर्बोध विषयलाई सामान्य जिज्ञासुहरूले पनि बुझ्न सक्ने गरी पद्यात्मक शैलीमा संरचना गरिएको यो ग्रन्थसार नामक सिर्जना स्वयं श्रष्टाद्वारा संरचित कृतिहरूको सिंहावलोकन नै हो। तथापि २०१७ सालदेखि अद्वैतवेदान्त दर्शनको अध्ययनगर्दाका अनुभवदेखि वर्तमान २०८२ सालसम्म गरिएका अध्ययन, अध्यापन, लेखन तथा प्रवचनद्वारा परिमार्जित कृति भएको हुनाले यो ग्रन्थ आध्यात्मिक चिन्तनको शिखरमा पुग्न चाहने आध्यात्मिक यात्रीहरूका लागि महत्त्वपूर्ण सोपान हुनेछ भन्ने कुरामा म विश्वस्त छु । अन्त्यमा षट्सम्पत्तिसम्पन्न श्रष्टाको सदैव ब्रह्माकाराकारित चित्तवृत्ति बनिरहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

अस्तु परिपूर्णम्। ॐ शान्तिः शान्तिः शान्तिः।

प्रकाशकीय

काव्यात्मक कृतिलेखन एक विशिष्ट काव्यसाधना हो । त्यसमा पनि आध्यात्मिक एवं दार्शनिक कृतिलेखन अति उच्च स्तरको चिन्तनसाधना हो । किनकि, यस्तो लेखन चिन्तनको गहिराइमा पुगेर प्रस्फुरित हुन्छ, जहाँ शब्दहरू केवल वर्णसमूह रहँदैनन्, अनुभूतिको सहज प्रकाशन बन्न पुग्छन् । जसले यस्तो लेखनमा आफूलाई समर्पण गर्छ, ऊ केवल लेखकमात्र हुँदैन–ऊ एक साधक बन्न पुग्छ । कलम उसको साधना र लेखन नै उसको उत्कृष्ट कर्म हो । उसका कृतिहरूमा साधनाको प्रक्रिया हुन्छ, आन्तरको ज्ञान हुन्छ र गहिरो चिन्तन हुन्छ, जसले अध्येताको हृदयमा उज्यालो छर्दै अध्येतालाई समेत कृतिकारझैँ उच्च स्तरको साधक बनाइदिन्छ । त्यस्तो लेखक समाजका लागि मौन गुरुझैँ हुन्छ । उसले शब्दमार्फत आत्माको खोज गर्नका निम्ति पाठकलाई अभिप्रेरित गर्छ, प्रश्न, परिप्रश्न गर्न सिकाउँछ र जीवनको मूल उद्देश्यतर्फ बढ्न प्रेरित गर्छ । उसको लेखनले अध्येताहरूलाई भित्रैबाट रूपान्तरण गरिदिन्छ ।

जसरी हैमवती नदीले थकाइ मानेर बग्न छोड्दैन, त्यस्तै यस्ता लेखकहरू पनि निरन्तर लेखिरहन्छन् । दार्शनिक लेखकहरू जीवनलाई क्षणभङ्गुर त मान्दछन् तर साथसाथै अर्थपूर्ण साधनामा समेत अर्पित गरिरहन्छन् । उनीहरू हरेक पलमा सत्यको खोजी गर्दछन् र प्राप्त तथ्यलाई काव्यात्मक धारामा, निबन्धात्मक व्याख्यानमा, दर्शनको गहिराइमा अनि अध्यात्मको उज्यालोमा प्रस्तुत गर्दछन् । उनीहरूको लेखनले सतही चासो होइन, गहिरो आत्मबोध गराउँछ । समाजलाई चेतनशील बनाउने यो प्रयास निरन्तर चलिरहन्छ । त्यसैले यस्ता लेखकहरू थाक्दैनन् । यस्ता साधकहरूले चिन्तनका साथमा लेखनलाई नै मुख्य कर्म मानेका हुन्छन्, सेवा मानेका हुन्छन् । जब उनीहरूको लेखनसेवा बनिरहन्छ, तब जीवन पनि अनवरत चलिरहन्छ । यस्तै प्रकारका अथक लेखक, साधक हुनुहुन्छ श्रद्धेय शरदकुमार भट्टराईज्यू ।

कवितासङ्ग्रह, यात्रावृत्तान्त, खण्डकाव्य, भजन, गीत, निबन्धात्मक, समीक्षात्मक, व्याख्यात्मक, अनुवादात्मक एवं मौलिक आध्यात्मिक, दार्शनिक कृतिहरू लेखेर उहाँले समाजलाई ठूलो गुन लगाउनुभएको छ । नेपालीमा मात्र नभएर उहाँका ब्रह्मसूत्रकारिका, उपनिषत्कारिकाजस्ता मौलिक काव्यात्मक

ग्रन्थहरू संस्कृतमा समेत अनूदित प्रकाशित छन् । यसद्वारा नेपालीभाषी समाजमात्र नभएर संस्कृतजगत्समेत लाभान्वित हुने छ । **उपनिषत्कारिका** र **ब्रह्मसूत्रकारिका** प्रौढ ग्रन्थ हुन् । यिनलाई बुझ्नका निम्ति उपनिषद् र ब्रह्मसूत्र शाङ्करभाष्यको राम्ररी अनुशीलन गरिसकेको हुनुपर्छ । यसलाई ध्यानमा राखी उहाँले शाङ्करभाष्यानुसारी उपनिषत्सार र ब्रह्मसूत्रसारसमेत पहिले नै तयार गरी प्रकाशित गराउनुभएको थियो । त्यसैगरी उहाँका अद्वैतवेदान्तपरक कृतिहरूमध्ये अर्को एक उत्कृष्ट विशालकाय निबन्धात्मक कृति हो– **ऋते ज्ञानान्न मुक्तिः**, जसमा ४९ वटा लेख एवं १४ वटा भूमिकाहरू सङ्गृहीत छन् । **महावाक्य**–नामक काव्यात्मक कृति त्यस्तै महत्त्वपूर्ण छ, जसमा २२ वटा शीर्षकमा अद्वैतवेदान्तविषयक अत्यन्तै गहन विषयहरू समेटिएका छन् । अद्वैतवेदान्तको साधकले उहाँका सबै कृतिहरू पढ्न नभ्याए पनि उपर्युक्त ६ वटा कृति राम्ररी पढ्नुभयो भने वेदान्तशास्त्रका मूल विषयको सम्यक् बोध प्राप्त गर्नुहुने छ । यति पनि पढ्न नभ्याउनेले उहाँको यो ग्रन्थसार-नामक कृतिको उत्तरपीठिका पढ्नुपर्छ । उत्तरपीठिका पढिसकेपछि उहाँका पूर्ण कृतिविषयक जिज्ञासा पाठकवर्गका मनमा स्वतः उत्पन्न होला ।

उहाँले यी ग्रन्थका अतिरिक्त २०२१ सालमा अरुणोदय, २०४२ सालमा दीपशिखा र श्रीराजर्षिजनकस्मृतिकोषको दार्शनिकमुखपत्र 'जनक' को सम्पादन र प्रकाशन स्थापनाकालदेखि नै गर्दै आउनुभएको हो ।

यस कृतिमा सङ्क्षिप्त अभिमत लेखिदिएर हामीलाई अनुगृहीत गर्नुहुने प्रा.डा. ध्रुवप्रसाद भट्टराईज्यूले उल्लेख गर्नुभएझैँ अध्यात्मसमाजको थोरै भए पनि आत्मोद्धार हुन सकोस् भन्ने ध्येयले यस ग्रन्थसारको रचना गर्नुहुने समादरणीय लेखक शरदकुमार भट्टराईज्यूप्रति श्रीराजर्षि-जनक-स्मृतिकोष हार्दिक आभार व्यक्त गर्दछ । उहाँ स्वयंद्वारा संस्थापित यस संस्थाले विगत लामो समयदेखि अद्वैतवेदान्तपरक दार्शनिक कृतिहरू प्रकाशन गर्ने क्रममा उहाँका यस्ता थुप्रै कृतिहरू प्रकाशन गरिसकेको छ र हाल यो संस्था महेश-संस्कृत-गुरुकुलम्लाई अर्पण गरिसकेपछि समेत कृतिरचना गरिदिएर यस संस्थालाई प्रकाशनको अधिकार दिनुभएकोमा उहाँलाई मुरि मुरि साधुवाद ।

संस्थाका तर्फबाट सचिव
आचार्य रोहिणीराज तिमिल्सिना

विषयसूची

पृष्ठसङ्ख्या

उपक्रम –भूमिका

पूर्वपीठिका

(क)पहिलो खण्ड – कवितासङ्ग्रहहरू

१. सिर्जनाका फूलहरू – २०५१	२०
२. कविशतक – २०६८	६४
३. आभास – २०७२	६०
४. कवितामञ्जरी – २०७४	६४
५. पत्रैपत्र – २०५८	६०

(ख)दोस्रो खण्ड – यात्रा–नियात्रा – यात्रावृत्तान्त

१. विविध यात्रा – २०५५	२६
२. यात्रैयात्रा – २०५८	२७
३. तीर्थयात्रा – २०६४	५७
४. अनुस्मृति जीवनयात्रा–जीवनी – २०६७	५६
५. तेस्रो अष्ट्रेलियायात्रा – २०६८	६५

(ग) तेस्रो खण्डकाव्यहरू

१. बहादुर शाह – २०५२	२१
२. श्रद्धाञ्जलि – २०५२	२१
३. आजका नेता – २०५३	२२
४. अमरसिंह थापाको चिट्ठी – २०५३	२३

५. क्रान्तिदूत – २०५३ २४
६. पृथ्वीविजय – २०६२ ६३
७. वन्दना – २०६८ ६१
८. इन्दिरास्मृतिकाव्य – २०६९ ६५
(घ) चौथो खण्ड – भजन र गीतहरू
१. गीत तथा भजन – २०५२ २३

(ङ) पाँचौँ खण्ड – समीक्षाग्रन्थहरू
१. उसैको लागि – २०२७ २०
२. ऋतुमन्थन – २०४४ २०

उत्तरपीठिका

(च) छैटौँ खण्ड – भक्ति र अद्वैतवेदान्त – अनूदितग्रन्थहरू
१. ज्ञान र भक्ति – २०६३ ७०
२. रासपञ्चाध्यायी – २०६४ ७१
३. मणिरत्नमाला – २०६७ ७१
४. ब्रह्मसूत्रको अध्यास र चतुःसूत्री – २०६८ ७८
५. अध्यास – २०६९ ७८
६. वेदान्तपरिभाषा र वेदान्तसार – २०६८ र २०७९ ७९
७. श्रीकृष्णाय वयन्नुमः – २०६९ ७२
८. अद्वैतसिद्धिः प्रथमखण्ड – २०६९ ७९
९. अद्वैतसिद्धिः द्वितीयखण्ड – २०७० ८०
१०.अन्तिम उपदेश – २०७० ७२

११.अजातवाद – २०७१ ७३

१२. ब्रह्माऽनुभूति – अपरोक्षाऽनुभूति – २०७२ ७४

१३. अवतरणिका – २०७४ ७३

१४. अष्टावक्रगीता – २०७५ ७५

१५. अवधूतगीता – २०७५ ७५

(छ) सातौँ खण्ड – अद्वैतवेदान्तका मौलिकग्रन्थहरू

१. उपनिषत्सार – २०६७ ८१

२. ब्रह्मसूत्रसार – २०६७ ८१

(ज) आठौँ खण्ड – अद्वैतवेदान्तपरक मौलिक निबन्धग्रन्थहरू

१. ब्रह्मसाक्षात्कार – २०६५ ८२

२. परमसत्य – २०६९ ८२

३. ब्रह्मविद्या – २०७० ८२

४. पराविद्या – २०७१ ८३

५. औपनिषद पुरुष – २०७२ ८४

६. ऋते ज्ञानान्न मुक्तिः – २०७५ ८४

(झ) नवौँ खण्ड – अद्वैत वेदान्तपरक मौलिक काव्यहरू

१. द्रष्टा र दृश्य – २०७२ ७६

२. महावाक्य – २०७८ ७७

३. वेदान्त चम्पू – २०७८ ७७

(ञ) दसौँ खण्ड – अद्वैत वेदान्तपरक कारिकाग्रन्थहरू
१. ब्रह्मसूत्रकारिका – २०७८, नेपाली भाषामा ८५
२. उपनिषत्कारिका – २०७८, नेपाली भाषामा ८६

(ट) एघारौँ खण्ड – संस्कृतका ग्रन्थहरू
१. उपनिषत्कारिका – २०७८, संस्कृत भाषामा ८९
२. ब्रह्मसूत्रकारिका – २०७९, संस्कृत भाषामा ८९
३. सङ्क्षेपशारीरकसारसङ्ग्रहः– २०७५, संस्कृत भाषामा ९१
उपसंहार ९२

उपक्रम –

भूमिका

भक्तिसाहित्य हेतु हो ब्रह्मज्ञान गराउन ।
यो ग्रन्थ सारमा सोही गरिएको छ वर्णन ॥

ग्रन्थसारको भूमिकाका रूपमा तल म सङ्क्षिप्तरूपमा उल्लेख गरिएको ग्रन्थ परिचयलाई नै लिनु उपयुक्त हुने ठान्दछु। यसमा पूर्वार्धि सिंहावलोकन र उत्तरपीठिका गरेर दुई खण्डमा छुट्याएर परिचय लेखेको छु। पूर्वार्धमा मेरा साहित्यका ग्रन्थहरूको परिचय दिएको छु भने उत्तरार्धमा मेरा वेदान्त ग्रन्थहरू दिएको छु।

पहिलो खण्ड – कवितासङ्ग्रह

१. गद्यपद्यात्मक कवितासङ्ग्रह सिर्जनाका फूलहरू २०५१ विजया दशमीमा प्रकाशित भएको हो। यसमा अधिकार र कर्तव्य, श्रीनगर १ र २, पोखरा, वसन्त बेलायतमा आदि ५१ कविताहरू पर्दछन्।

२. १०० कविहरूका नाममा लेखिएको पद्यात्मक कविशतक २०६८ मा प्रकाशित भएको हो। यसमा आदिकवि भानुभक्त आचार्यदेखि लिएर कवयित्री ओमी शर्मासम्म पर्दछन्।

३. आभास कवितासङ्ग्रह २०७२ नववर्षमा प्रकाशित भएको हो। यसमा आराधनादेखि लिएर समवेदनासम्मका ५६ ओटा पद्य कविताहरू समाविष्ट छन्।

४. कवितामञ्जरी २०७४ माघ २२ गते प्रकाशित भएको हो। यसमा मेरा पूज्य पिताजीदेखि लिएर मेरी नातिनीसम्मका गद्य, पद्य र अङ्ग्रेजीमा लेखिएका ११३ कविताहरू छन्।

५. पत्रैपत्र २०५८ वैशाख १५ गते प्रकाशित भएको हो। यस कवितासङ्ग्रहमा विदेशमा बसेका छोरालाई लेखेका उपदेशात्मक पद्यात्मक १३ कविताहरू छन्।

दोस्रो खण्ड यात्रा–नियात्रा

१. विविधयात्रा २०५५ मा प्रकाशित भएको हो। यसमा आमाका काखदेखि श्मशानघाटसम्म लेखिएका ३४ पद्यकविताहरू छन्।

२. यात्रैयात्रा कवितासङ्ग्रह २०५८ जेठ १ गते प्रकाशित भएको हो। यसमा स्वदेश र विदेशमा गरेको यात्रासम्बन्धी छन्दोबद्ध २६ ओटा कविताहरू छन्।

३. २०१६ सालदेखि २९७४ सालसम्म गरेको सम्पूर्ण तीर्थहरूको यात्राको गद्यवर्णनात्मकवृत्तान्त तीर्थहरूको यात्रावृत्तान्त २०६४ नववर्षमा समेटिएको छ।

४. अनुस्मृति–जीवनयात्रा २०६७ वैशाख १३ गते प्रकाशित भएको हो। यो २०६७ सालसम्मको स्वलिखित आफ्नै जीवनी हो।

५. तेस्रोअष्ट्रेलियायात्राको दैनिकी २०६९ नववर्षमा प्रकाशित भएको हो। यसमा २०६८ साल असोज ६ गतेदेखि कार्तिक २२ गतेसम्मको दिनचर्याको वृत्तान्त गद्यमा उल्लेख गरिएको छ।

तेस्रो खण्ड – काव्यहरू

१. बहादुर शाह २०५२ मार्गमा प्रकाशित भएको हो। यसमा विशाल नेपाल अधिराज्यको अभियानमा बहादुर शाहको बहादुरी र राष्ट्रभक्तिको वर्णन गरिएको छ।

२. श्रद्धाञ्जलि शोककाव्य २०५२ माघ १ गते प्रकाशित भएको हो। यो ममतामयी माता र पिताको निधनमा शोकाकुल भएर

बर्सिएको आँसु भावाञ्जलि कवितामा तर्पण तथा श्राद्धका रूपमा श्रद्धाञ्जलि भएर बर्सिएको छ ।

३. अमरसिंह थापाको चिट्ठी २०५३ मा प्रकाशित भएको हो । यसमा अमरसिंहको राष्ट्रभक्ति र विशाल नेपालको एकीकरणमा उनले प्रदर्शन गरेको बहादुरी र अत्यन्त हृदयविदारक अन्त्यको हृदयस्पर्शी वर्णन वीररस र करुणरसका रूपमा प्रस्फुटन भएको छ ।

४. नेपालका तत्कालीन जहाँनिया राणाशासनका नाशकर्ता तथा नेपालमा प्रजातन्त्रका प्रदाता जननायक तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई महानायक बनाएर ६ परिच्छेदमा लेखिएको काव्य क्रान्तिदूत २०५३ हो ।

५. खण्डखण्ड भएर भुरेटाकुरे राज्यमा विभक्त नेपाललाई पश्चिमदेखि लिएर पूर्वसम्म विशाल नेपाल एकीकरण गर्ने राष्ट्रनिर्माता बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई महाराष्ट्रनिर्माता बनाएर लेखिएको काव्य पृथ्वीविजय २०६२ हो ।

६. सदैव प्रातःस्मरणीय तीर्थास्पद माता-पिता, गुरुमाता, जायामाता र कान्छीकाकीको चित्रात्मक स्मृतिमा श्रद्धाञ्जलि तथा कृतज्ञतास्वरूप ४ खण्डमा लेखिको काव्य 'वन्दना २०६८ हो ।

७. मेरी अर्धाङ्गिनी धर्मपत्नी इन्दिराको श्रद्धाञ्जलिस्वरूप तथा स्मृतिमा २० अनुच्छेदमा लेखिएको वेदान्तमयकाव्य इन्दिरा स्मृतिकाव्य २०७९ हो ।

चौथो खण्ड – विभिन्न गीत र भजनहरू

यस खण्डमा राष्ट्रभक्तिले आप्लावित ६ थरी राष्ट्रगीत समाविष्ट छन् । २६ थरी प्रेम, श्रद्धा र भक्तिमय भजनहरू समेत गरेर जम्मा ३२ रचनायुक्त पुस्तक गीत तथा भजनहरू २०५२ हो ।

पाँचौँ खण्ड – समीक्षात्मक ग्रन्थ

१. एम्.बी.बी. शाहले आफ्नी स्वर्गीया रानीको सम्झनामा शोकाकुल भएर लेखेका 'उसैका लागि र फेरि उसैका लागि' दुइटा ग्रन्थहरूको चारौँ अध्ययनमा विभक्त समीक्षा गरिएको किताब 'उसैको लागि र फेरि उसैका लागि एक अध्ययन २०२७' हो ।

२. कविशिरोमणि लेखनाथ पौड्यालको 'ऋतुविचार' नामक काव्यको आधुनिक कवि मोहन कोइरालाको नव काव्य 'ऋतु-निमन्त्रण'सँग तुलनात्मक अध्ययन र समीक्षा गरिएको पाँच परिच्छेदमा विभक्त ऋतु–मन्थन २०४४ ग्रन्थ हो ।

छैटौँ खण्ड – अद्वैत वेदान्तपरक अनूदित ग्रन्थहरू

१. श्रीमद्भागवतमहापुराणको मङ्गलाचरणको प्रथमश्लोक 'जन्माद्यस्य यतो' देखि लिएर श्रीमद्भागवतको वेदस्तुतिको अन्तिम श्लोक 'योऽस्योऽत्प्रेक्षक' श्लोकसम्म अनुवाद गरिएको १८ अनुच्छेदमा विभक्त अध्यात्मपरक पहिलो ग्रन्थ ज्ञान र भक्ति २०६३ हो ।

२. श्रीमद्भागवतको दशमस्कन्धको २९ औँ अध्यायदेखि ३३ औँ अध्यायसम्मलाई रासपञ्चाध्यायी भनिन्छ । यसलाई भागवतका पञ्चप्राण पनि भनिन्छ । यसलाई गोपीसँगको क्रीडा वा लीला जे भनिए तापनि अद्वैत वेदान्तका दृष्टिले यो रासक्रीडा अन्तःकरणस्थ चेतन आत्माले आफ्नै जडबुद्धिका चेतनारूढ अनन्तानन्त वृत्तिहरूसँग गरेको आन्तरिक चिन्मय क्रीडा हो । यसका श्लोकहरूलाई समछन्दमा अनुवाद गरेर गद्यमा समेत व्याख्या गरिएको छ । यस ग्रन्थको नाम रासपञ्चाध्यायी २०६४ हो ।

३. भगवत्पाद आद्य जगद्गुरु श्रीशङ्कराचार्यद्वारा विरचित ग्रन्थरत्न मध्येको ३२ श्लोकमात्रको मणिरत्नमाला अद्वैत वेदान्तको

ज्ञानकूप हो । प्रश्न र उत्तरका रूपमा प्रणीत यस ग्रन्थलाई मैले नेपाली भाषामा समछन्दमा अनुवाद गरी प्रकाशन गरेको ग्रन्थरत्न मणिरत्नमाला–प्रश्नोत्तरी २०६७ हो ।

४. जगद्गुरु श्रीशङ्कराचार्यको ब्रह्मसूत्रको उपोद्घातभाष्यको अध्यास र ब्रह्मसूत्रका 'अथातो ब्रह्मजिज्ञासा'देखि 'तत्तु समन्वयात्' सम्मका ४ ओटा सूत्रका शाङ्करभाष्य र आचार्य वाचस्पति मिश्रको टीका समेतको नेपाली भाषामा अनुवाद गरेर प्रकाशन गरेको अद्वैतवेदान्तको चूडान्तग्रन्थ ब्रह्मसूत्रको अध्यास र चतुःसूत्री २०६८ हो ।

५. वेदान्तपरिभाषा र वेदान्तसारनामक दुइटै ग्रन्थहरूको नेपालीमा अनुवाद गरी एउटै ग्रन्थमा प्रथमसंस्करण २०६८ सालमा र द्वितीय संस्करण २०७८ सालमा प्रकाशन गरिएको हो ।

६. श्रीमद्भागवतको मङ्गलाचरण जन्माद्यस्यदेखि लिएर बीचबीचमा अन्य फुटकर श्लोकहरूका साथै अन्त्यमा भागवतको वेदस्तुतिको अन्तिम श्लोक 'योऽस्योऽत्प्रेक्षक' को समेत २८ ओटा समछन्दमा नेपाली भाषामा अनुवाद गरिएको ग्रन्थ श्रीकृष्णाय वयन्नुमः २०६९ हो ।

७. जगद्गुरु श्रीशङ्कराचार्यले ब्रह्मसूत्रको सुरुमा नै उपोद्घात भाष्यका रूपमा लेख्नुभएको भाष्य र आचार्य श्रीवाचस्पति मिश्रको भामती टीकासमेतको अनुवाद गरी प्रकाशन गरेको ग्रन्थको नाम हो अध्यास २०६९ ।

८. आचार्य श्रीमधुसूदनसरस्वतीद्वारा प्रणीत अद्वैत वेदान्तको चूडान्तग्रन्थ 'अद्वैतसिद्धि'का केही परिच्छेदहरूको नेपाली भाषामा अनुवाद गरेर अद्वैतसिद्धि प्रथमखण्ड २०६९ सालमा र द्वितीय खण्ड

२०७० सालमा प्रकाशन गरिएको हो ।

९. श्रीमद्भागवतका विभिन्न स्कन्धका विभिन्न अध्यायका अद्वैत वेदान्तपरक श्लोकहरूको विभिन्न पाँच शीर्षक दिएर गद्य र पद्यमा अन्वय समेत दिएर नेपालीमा प्रकाशन भएको ग्रन्थ हो अन्तिम उपदेश २०७० ।

१०. माण्डूक्योपनिषद् गद्यमा र गौडापादाचार्यको माण्डूक्य-कारिकाको समपद्यमा नेपाली भाषामा अनुवाद गरिएको ग्रन्थको नाम हो अजातवाद २०७१ ।

११. श्रीशङ्कराचार्यप्रणीत 'अपरोक्षाऽनुभूति' ग्रन्थलाई ब्रह्मानुभूति नाम दिएर त्यसका १४४ पद्यहरूको समछन्दमा नेपाली भाषामा अनुवाद गरिएको ग्रन्थको नाम हो ब्रह्माऽनुभूति २०७२ ।

१२. श्रीमद्भागवतका १२ औँ स्कन्धसम्म जम्मा ३३५ अध्याय छन् । यी सबै अध्यायहरूमा श्रीधरस्वामीले भावार्थदीपिका नामक टीका लेख्नुभएको छ । यो उत्कृष्ट तथा पूर्वाग्रहरहित र उदात्त समेत भएकाले सबै अद्वैतवादी, द्वैतवादी, भक्तिवादी र अन्य सनातनी भागवतका प्रेमी विद्वान्हरूका साथै पुराण–कथावाचकका लागि पनि प्रिय भएको छ । मैले आफ्नै घरमा पितृ उद्धारका लागि ३ पटक भागवतपुराणको पारायण अर्थात् २ पटक भने सप्ताह पुराण र एकपटक भने चतुर्मासा भागवत पारायण पूर्ववत् विशुद्ध निष्ठावान् विद्वान् पण्डितहरूबाट चित्तशुद्ध्यर्थ श्रवण गरेको हुँ । यसै सन्दर्भमा तेस्रो पटक वि.सं. २०७४ सालको माघमा लगाएको सप्ताहको सन्दर्भमा मैले भागवतका प्रत्येक अध्यायमा श्रीधरस्वामीले अध्यायको सार खिचेर अनुष्टुप् छन्दका एक एक श्लोकमा ले खुनुभएको 'अवतरणिका'लाई आधार मानी सबै श्लोकहरूलाई

समछन्दमा श्रीमद्भागवतमहापुराणको अवतरणिकाको नेपालीमा अनुवाद गरेको र २०७४ सालमा प्रकाशन गरिएको हो ।

सातौँ खण्ड – मौलिक ग्रन्थ

१. अष्टावक्रगीता ब्रह्मर्षिअष्टावक्र र राजर्षिब्रह्मज्ञानेच्छुक जनकका बीचमा भएको अद्वैतवेदान्तात्मक संवादयुक्त एक्काइसौँ प्रकरणमा विभक्त यो ग्रन्थ हो । मैले समछन्दमा यस अष्टावक्रगीताका श्लोकहरूलाई नेपाली जिज्ञासु पाठकका लागि अनुवाद गरेको छु । यसको नाम अष्टावक्रगीता २०७५ हो ।

२. आठौँ अध्यायमा विभक्त यो अवधूतगीता ब्रह्मर्षि मुनि अर्थात् अजगरमुनि वा दत्तात्रेय मुनिद्वारा एकालापित गहन ब्रह्मज्ञानले आप्लावित छ । यो ग्रन्थ विषय, भाषा र उपदिष्ट शैलीको दृष्टिले पनि अत्यन्त दुर्ज्ञेय छ । मुमुक्षु तथा जिज्ञासुजनका लागि अति मिहिनेतपूर्वक समछन्दमा नेपाली भाषामा अनुवाद गरेर प्रकाशित गरेको यो अनुपम ग्रन्थरत्न अवधूतगीता २०७५ हो ।

३. अद्वैतवेदान्तपरक पद्यहरू र अनूदित ग्रन्थहरूपछि अब अद्वैत वेदान्तपरक मौलिक ग्रन्थहरूको सार लेखन सुरु हुन्छ । अद्वैत वेदान्तका प्रस्थानत्रयी मध्येका श्रुतिप्रस्थानमा पर्ने श्रीशङ्कराचार्यका गहन भाष्यद्वारा समलङ्कृत 'ईशावास्योपनिषद्'देखि 'बृहदारण्यकोपनिषद्' सम्मका दुरूह ११ उपनिषद्हरूलाई सरल नेपालीमा र कुनै कुनै उपनिषद्मा भने मन्त्रार्थ, शब्दार्थ, पदार्थ र सरलार्थ समेत दिएर अति सङ्क्षिप्त सारमा उपनिषत्सार २०६७ पुत्रदा एकादशीमा प्रकाशित गरिएको हो ।

४. अद्वैत वेदान्तका प्रस्थानत्रयीमध्ये पर्ने दुरूह ब्रह्मसूत्रसारग्रन्थ न्यायप्रस्थानका नामले प्रसिद्ध छ । यो ग्रन्थ समन्वय, अविरोध, साधन

र फल गरी ४ अध्याय, १९१ अधिकरण, १६ पाद र ५५५ सूत्रहरूमा विभक्त छ। मैले यस बृहत् तथा दुरूह ग्रन्थलाई १९१ अधिकरण अर्थात् विषयलाई आधार बनाएर सङ्क्षिप्तरूपमा जिज्ञासुहरूले बुझून् भन्ने सदाशय राखेर लेखेको छु। अधिकरणमा १ विषय, २ संशय, ३ पूर्वपक्ष, ४ उत्तरपक्ष, ५ प्रयोजन र ६ सङ्गतिसमेत हुनुपर्दछ। यिनैलाई आधार बनाएर अधिकरणका आधारमा ५५५ सूत्रहरूको नेपाली भाषामा सरलार्थ समेत दिएर मुमुक्षुजनका लागि यो ग्रन्थ प्रकाशित गरिएको हो। यो ब्रह्मसूत्रसार ग्रन्थ २०६७ साल अक्षयतृतीयामा प्रकाशित गरिएको हो।

आठौँ खण्ड – अद्वैत वेदान्तपरक मौलिक निबन्धग्रन्थहरू

१. ब्रह्माभ्यासका लागि जिज्ञासुमुमुक्षुका निमित्त सर्वप्रथम लेखिएको यस ग्रन्थमा अद्वैत वेदान्तपरक अध्यासनिबन्धदेखि लिएर ब्रह्मज्ञानको साधनभूत भगवद्भक्ति लगायत ३३ ओटा निबन्धहरू समाविष्ट भएका छन्। अन्ततः यो ग्रन्थ ब्रह्मसाक्षात्कारका लागि हुने भएकाले यस ग्रन्थको नामकरण पनि ब्रह्मसाक्षात्कार भएको हो। यसको प्रकाशन २०६५ साल फागुन ७ गते भएको हो।

२. मौलिक निबन्धग्रन्थहरूमध्ये दोस्रो अद्वैत वेदान्तपरक निबन्ध ग्रन्थ परमसत्य हो। वर्णक्रमानुसार पहिलो निबन्ध 'अज्ञान'देखि लिएर ३३ औँ निबन्ध 'सृष्टि' सम्म दिइएको यस ग्रन्थको नामकरण भागवतको मङ्गलाचरण श्लोकको अन्तमा प्रयुक्त 'सत्यं परं धीमहि'बाट लिएर 'परमसत्य'का आधारमा गरिएको हो। यो २०६९ पुत्रदा एकादशीमा प्रकाशित भएको हो।

३. मौलिकनिबन्धग्रन्थहरूमा अनुसन्धानात्मक अद्वैत वेदान्तपरक ४२ ओटा निबन्धहरूले युक्त ब्रह्मात्मक विद्याको संसूचन

दिने ब्रह्मविद्या २०७० को प्रकाशन पुत्रदा एकादशीमा भएको हो । यस ग्रन्थमा 'वेद र वेदान्त' नामक निबन्ध हुँदै साक्षात् मोक्षका साधन मानिने ऋग्वेदको महावाक्य 'प्रज्ञानं ब्रह्म' र अथर्ववेदको महावाक्य ' अयमात्मा ब्रह्म'को पनि उल्लेख गरिएको छ। यसै खालका ब्रह्मज्ञान गराउने निबन्धहरूले भरिपूर्ण यो ग्रन्थ अन्त्यमा गएर 'अन्तकालको प्रार्थना' मा पुगेर परिसमाप्त भएको छ।

४. मौलिक निबन्धग्रन्थहरूमा चारौँ निबन्धग्रन्थ पराविद्या २०७१ हो । यस ग्रन्थको प्रकाशन श्रावण पुत्रदा एकादशीमा भएको हो । यसमा 'अद्वैतवादका प्रस्थानहरू'देखि लिएर 'ज्ञान र प्रारब्धकर्म' सम्मका ४७ ओटा निबन्धहरू समाविष्ट छन् । यस ग्रन्थको नामकरण नै 'द्वे विद्ये वेदितव्ये परा चैवापरा च' भन्ने मुण्डकोपनिषद् १।१।४ को मन्त्रस्थ 'पराविद्या' वाक्यबाट भएको हो। जसमा भनिएको छ 'अथ परा यया तदक्षरमधिगम्यते' (मु.उ.१।१।५)। वेद्य अक्षर विषयक विज्ञान नै पराविद्या हो । केवल शब्दराशिमात्र नभएर मुमुक्षुलाई साक्षात् मुक्त गराउने विद्या नै पराविद्या हो । अक्षर ब्रह्मको साक्षात्कार नगरी यस संसारबाट जाने जीवात्मालाई 'कृपण' भनेर बृहदारण्यकोपनिषद् ३।८।१० मा गार्गी वाचक्नवीलाई सम्बोधन गर्दै ब्रह्मज्ञानी याज्ञवल्क्यले– **"एतदक्षरं गार्ग्यविदित्वस्माल्लोकात् प्रैति स कृपणोऽथ य एतदक्षरं गार्गी विदित्वास्माल्लोकात्प्रैति स ब्राह्मणः'** भन्नुभएको छ। यसैबाट पनि यस पराविद्याग्रन्थको महत्त्वको ज्ञान हुन्छ।

५. अद्वैत वेदान्तमा आधारित भएर मैले लेखेका निबन्धग्रन्थहरूमा 'औपनिषद पुरुष' २०७२ पाँचौँ ग्रन्थ हो । यस ग्रन्थमा वर्णानुक्रमअनुसार लेखिएको 'अकर्मकम्'देखि लिएर

अन्त्यमा लेखिएको 'ज्ञानं विज्ञानसहितम्' का अति नै ज्ञानप्रद ५३ ओटा निबन्धहरू समेटिएका छन् । यसमा 'औपनिषदं पुरुषम्' भन्ने शीर्षकमा आएको बाह्रौँ निबन्ध छ, यसै शीर्षकका नामबाट नै यस ग्रन्थको नामकरण 'औपनिषद पुरुष' भएको हो । जुन विद्वान् वा पण्डितले औपनिषद पुरुष अर्थात् उपनिषद्‌बाटमात्रै जानिने सद्‌ब्रह्मको ज्ञानै नगरीकन अथवा अद्वय ब्रह्मपरक उपनिषद्‌को गुरुबाट श्रवण नै नगरीकन ब्रह्मज्ञहरूको ब्रह्मसभामा शास्त्रार्थ गर्न जान्छ त्यसको पतन पनि शाकल्यको जस्तै हुन्छ भन्ने यसको सन्देश भएको बुझ्नु श्रेयस्कर हुन्छ। जस्तै – **'तं त्वौपनिषदं पुरुषं पृच्छामि तं चेन्मे न विवक्षसि मूर्धा ते विपतिष्यतीति'** (बृहदारण्यकोपनिषद् ३।९।२६)

६. अद्वैत वेदान्तपरक श्रुतिजन्य श्रुतिवाक्यपरक 'ऋते ज्ञानान्न मुक्तिः' नामक ग्रन्थ २०७५ साल पुत्रदा एकादशीमा प्रकाशित भएको हो । यो अत्यन्त पठनीय तथा ब्रह्मज्ञानपरक वर्णाक्रमानुसार लेखिएको यस ग्रन्थमा 'अतिवेदन'देखि लिएर 'ये के चात्महनो जना'सम्मका ४९ ओटा वेदान्तपरक निबन्धहरू समाविष्ट छन् । यस ग्रन्थभित्र रहेका सबै निबन्धहरू ब्रह्मज्ञानद्वारा भरिपूर्ण छन् । यो ग्रन्थ जिज्ञासु मुमुक्षुका लागि ब्रह्मज्ञानार्थ पर्याप्त छ। मौलिक निबन्धसङ्ग्रहका शृङ्खलामा यो निबन्धसङ्ग्रहग्रन्थ अन्तिम र छैटौँ मौलिक निबन्धग्रन्थ हो ।

आठौँ खण्ड – मौलिक कारिकाहरू र चम्पू

१. अद्वैत वेदान्तपरक प्रथम मौलिक कारिकाको नाम द्रष्टा र दृश्य २०७२ हो। वस्तुतः द्रष्टा चेतन परब्रह्म परमात्मा हुन् भने दृश्य यो पञ्चमहाभूतले बनेको अखिल अनन्त ब्रह्माण्ड हो । चेतन र

परब्रह्म प्रत्येक महान्तम वस्तु वा प्राणीदेखि लिएर अत्यन्त सानोभन्दा सानो अणुपरमाणुसम्मको वस्तु र प्राणीका अन्तःकरणमा सत्स्वरूप र चित्स्वरूपका रूपमा जीवात्मा भएर अनवरत रहन्छन् । परमात्मा साक्षीका रूपमा प्रत्येक प्राणीका भित्र रहेर सदैव हेरिरहन्छन् । श्रुतिमा भनिएको पनि छ **'न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यतेऽविनाशित्वात् ।'** (बृ.उ.४।३।३२) यसै मन्त्रको द्रष्टा र दृश्य ग्रन्थमा यसरी अनुवाद गरिएको छ –

अविनाशी छ यो द्रष्टा अनादि ब्रह्म हो अनि ।
द्रष्टाका दृष्टिको लोप हुँदैन कहिल्यै पनि ॥ (द्रष्टा र दृश्य १३।७,८)

सृष्टिपूर्वदेखि लिएर २१ औँ कारिका प्रलयसम्मका कविताहरू यसमा रहेका छन् । ब्रह्मजिज्ञासुका लागि यो पढ्न, गाउनाका साथै अनुष्टुप् छन्दमा भएकाले कण्ठस्थ गरेर अरूलाई श्रवण गराउन पनि सकिने छ। १०० पृष्ठको यो लघुकाय ग्रन्थ हो । यो सानो भएर पनि महत्त्वका दृष्टिले यसलाई ब्रह्मकोश भन्न सकिन्छ ।

२. अर्को महत्त्वपूर्ण अद्वैत वेदान्तको अत्यन्त सरल, सहज र ब्रह्मज्ञानका लागि अध्ययन गर्नै पर्ने कारिका ग्रन्थ हो – महावाक्य २०७८ । १५७ पृष्ठमात्र रहेको यो ग्रन्थ प्रथम कारिका 'अथातः कैवल्य जिज्ञासा'देखि लिएर २२ औँ कारिका 'कैवल्यमुक्तिः' सम्मका २२ औँ शीर्षकहरूमा विभक्त छ ।

यस महावाक्यमा 'साक्षान्महावचनमेव विमुक्तिहेतुः' (सङ्क्षेप-शारीरकम् ३।२९५) अर्थात् साक्षात् मुक्तिका हेतु भएका चारै वेदका श्रवणात्मक र अनुभवात्मक महावाक्यहरूको उल्लेख गरिएको छ । यस ग्रन्थमा अत्यन्त ज्ञातव्य विवर्तवाद, आत्मा, ज्ञानकर्मसमुच्चय, ब्रह्माण्ड, अपवर्ग, निर्वाण, अर्चिरादिमार्ग कसका लागि ? भन्ने देखि

लिएर अक्षर र कूटस्थको सश्रुतिप्रमाण सूक्ष्म विवेचना गरिएको छ। ब्रह्मजिज्ञासुका लागि अत्यन्त पठनीय र मननीय वेदान्तको यो 'महावाक्य' ग्रन्थ २०७८ ज्ञानको भण्डार हो ।

३. तेस्रो अद्वैत वेदान्तको (गद्यपद्यमयं काव्यं चम्पूरित्य-भिधीयते, वाक्यं रसात्मकं काव्यम्) साहित्यदर्पणको परिभाषाभित्र पर्ने ग्रन्थ हो वेदान्त चम्पू २०७८ । यस ग्रन्थमा अद्वैत वेदान्तपरक विभिन्न शीर्षकहरूमा प्रथम निबन्ध 'अद्वैत वेदान्त र आद्य जगद्गुरु श्रीशङ्कराचार्य'देखि लिएर दसौँ निबन्ध 'हिरण्यगर्भ र उपासक'सम्मका दशओटा विभिन्न महत्त्वपूर्ण निबन्धहरू गद्यखण्डमा समाविष्ट छन् ।

त्यसै गरेर पद्यखण्डमा ज्ञान र वैराग्यपरक प्रथम पद्य 'अन्तिम ज्ञेय तत्त्व' देखि लिएर आठौँ पद्य 'कालको गति'सम्मका विभिन्न शीर्षकका आठओटा पद्यकविताहरू यस चम्पूमा समाविष्ट छन् । साहित्यदर्पणको उपर्युक्त लक्षणभित्र यो वेदान्तचम्पू पर्दछ । अतः जिज्ञासु रसिक पाठकहरूका लागि यो चम्पू अत्यन्न पठनीय, मननीय र सङ्ग्रहणीय भएको लेखक ठान्दछ ।

नवौँ खण्ड ब्रह्मसूत्रकारिका र उपनिषत्कारिका

१. नेपाली भाषामा समग्र ब्रह्मसूत्रलाई समेटेर सरल कारिकाका रूपमा यो ब्रह्मसूत्रकारिका २०७८ वैशाख १३ गते प्रकाशन भएको हो । ब्रह्मसाक्षात्कार २०६५ मा अध्यास, ब्रह्मसूत्रसार २०६७, अध्यास र चतुःसूत्री २०६८ र अध्यास २०६९, ब्रह्मसूत्रपरक ४ ग्रन्थहरूको लेखन र प्रकाशन पश्चात् यो ब्रह्मसूत्रकारिका २०७८, को प्रकाशन भएको हो ।

अद्वैत वेदान्तका प्रस्थानत्रयी मध्येमा यो दुरूह ग्रन्थ हो र यसलाई न्यायप्रस्थान भनिन्छ । यसमा ४ अध्याय, १६ पाद, १९१

अधिकरण र ५५५ सूत्रहरू छन् । आद्यजगद्गुरु श्रीशङ्कराचार्यले 'अथातो ब्रह्मजिज्ञासा (१।१।१।१)' मा भाष्य लेख्नुभन्दा पहिले नै उपोद्घातभाष्यका रूपमा अध्यासभाष्य लेख्नुभएको छ । अध्यास नबुझीकन ब्रह्मसूत्र अर्थात् समग्र अद्वैत वेदान्त नबुझिने भएकाले सर्वप्रथम अध्यासभाष्य लेख्नुभएको स्पष्ट बुझिन्छ ।

यस ब्रह्मसूत्रकारिकामा पनि तदनुरूप सर्वप्रथम अध्यासका विषयमा कारिका लेखेर शङ्कराचार्यको भाष्यअनुसार नै सम्पूर्ण कारिकाको प्रणयन भएको छ। अन्त्यमा ५५५ सूत्रहरूको नेपालीमा अनुवाद गरेर अर्थ दिइएको छ।

२. उपनिषत्कारिका २०७८ साल १३ वैशाखमा प्रकाशित भएको हो। उपनिषत्सार २०६७ लेखेर यसको लेखन गरिएको हो। यस ग्रन्थमा मैले ग्रन्थारम्भदेखि सुरु गरेर ईशादि ११ उपनिषत्कारिकाको भूमिकाका रूपमा तयार पारेको छु। पहिले यो नपढीकन कारिका बुझ्न गाह्रो हुन्छ।

ईशावास्योपनिषद्बाट लेख्न सुरु गरेर बृहदारण्यकोपनिषद् कारिकामा पुगेर जम्मा १४२७ कारिकामा यो समाप्त हुन्छ । सबै कारिकाहरू शाङ्करभाष्यका आधारमा लेख्ने प्रयास गरिएको हो। यस ग्रन्थमा माण्डूक्यकारिकाको पनि समावेश गरिएको छ । ग्रन्थारम्भ र यो समेत गरेर यस ग्रन्थमा जम्मा १९५५ कारिकाहरू छन् । जिज्ञासु मुमुक्षुका लागि यो ग्रन्थ अति पठनीय छ।

दसौँ खण्ड – संस्कृतग्रन्थहरू

१. यो ग्रन्थ नेपाली भाषामा लेखिएको ब्रह्मसूत्रकारिका २०७८ को यथानुरूप अर्थ, पादटिप्पणी र कारिकाको सङ्ख्या समेत राखेर विद्वान् डा. लक्ष्मीकान्त पन्थीद्वारा संस्कृतभाषामा अनुवाद गरिएको

'गुरुशिष्यसंवादात्मिका ब्रह्मसूत्रकारिका' २०७९ माघ ४ हो । यस सम्बन्धमा नेपाली भाषाको गुरुशिष्यसंवादात्मिका ब्रह्मसूत्रकारिका २०७८ मा उल्लेख भएको कारिकाबाट अवगत हुने भएकाले यसलाई बढी व्याख्या गर्नु आवश्यक देखिएन ।

२. त्यसै गरेर संस्कृत भाषामा विद्वान् डा. लक्ष्मीकान्त पन्थीद्वारा अनुवाद गरिएको यस गुरुशिष्यसंवादात्मिका उपनिषत्कारिका २०७८ वैशाख १३ लाई नेपाली भाषामा लेखिएको गुरुशिष्यसंवादात्मिका उपनिषत्कारिका २०७८, १३ वैशाखलाई पढ्नु आवश्यक छ। त्यसै कारण यसको अरू लामो व्याख्या गरिएन ।

३. यस जिज्ञासुद्वारा सारसङ्ग्रह गरिएको यो मेरो संस्कृत भाषामा लेखिएको सङ्क्षेपशारीरकसारसङ्ग्रहः २०७५, ग्रन्थ प्रथम र अन्तिम ग्रन्थ पनि हो । श्रीमत्परमहंसपरिव्राजकाचार्य श्रीदेवेश्वराचार्यका पूज्यपादशिष्य श्रीसर्वज्ञात्ममुनिले आद्यजगद्गुरु श्रीशङ्कराचार्यले संस्कृतभाषामा लेख्नुभएको ब्रह्मसूत्रभाष्य अर्थात् शारीरकमीमांसाभाष्यलाई आधार बनाएर मुनिले ब्रह्मसूत्रका ४ अध्याय जस्तै आफ्नू प्रकरणग्रन्थ 'सङ्क्षेपशारीरकम्' को प्रणयन गर्नुभएको हो । अत्यन्त क्लिष्ट शारीरकमीमांसाभाष्यका मुख्य मुख्य अंशलाई लिएर जिज्ञासु मुमुक्षुले बुझ्ने गरी अत्यन्त सरस र सरल साहित्यिक भाषामा यस प्रकरणग्रन्थको रचना भएको हो । सुरुमा मङ्गलाचरण श्लोकदेखि लिएर अन्तिम श्लोकसम्म उहाँले विभिन्न छन्दमा उपमादि अलङ्कारहरूले अलङ्कृत गरेर साहित्यदर्पणको परिभाषा अनुसार अद्वैतवेदान्तको यो अनुपमग्रन्थको रचना गर्नुभएको हो ।

यस ग्रन्थको प्रथम अध्यायमा ५६३ श्लोकहरू छन्, दोस्रो

अध्यायमा २४८ श्लोकहरू छन्, तेस्रो अध्यायमा ३६६ श्लोकहरू छन् र चौथो अध्यायमा भने ६३ श्लोकमात्र छन् । यसरी यस 'सङ्क्षेपशारीरकम्'ग्रन्थमा विभिन्न लामा र छोटा छन्दहरू प्रयोग गरिएका जम्मा १२४० श्लोकहरू छन् ।

उपर्युक्त सङ्क्षेपशारीरकम् प्रकरणग्रन्थको सार र महत्त्वपूर्ण श्लोकहरू समेत उद्धृत गरेर यस सङ्क्षेपशारीरकसारसङ्ग्रहः नामक ग्रन्थको रचना गरिएको हो । यस स्वरचित ग्रन्थबाट केही श्लोकहरू तल उद्धृत गर्दछु –

मङ्गलाचरणं कृत्वा प्रणम्य सद्गुरुं हरिम् ।
बालनां ब्रह्मबोधाय मुनिना रचितं हि तत् ॥

'सूक्ष्मशारीरकम्' नाम्ना यच्छास्त्रं मुनिना कृतम् ।
दत्त्वा प्रकरणं नाम चाति सङ्क्षेपतः स्वयम् ॥

महान्धकारमोहेन ग्रस्तधीरजितेन्द्रियः ।
अज्ञानाच्छन्नमूढोऽहं मायाविक्षिप्त कर्मधीः ॥

'सङ्क्षेपशारीरकम्' ग्रन्थका चार अध्यायहरूलाई तदनुरूप नै विभक्त गरेर तत् तत् अध्यायका महत्त्वपूर्ण श्लोकहरू र आचार्य मधुसूदन सरस्वतीको टीकाका केही अंशहरूलाई पूर्वपक्षका रूपमा उद्धृत गरेर यो सारसङ्ग्रहग्रन्थ तयार गरिएको हो । यदि जिज्ञासु मुमुक्षुहरूले मूलग्रन्थ 'सङ्क्षेपशारीरकम्' पढ्ने अवसर वा ग्रन्थ प्राप्त गर्न सक्नुभएको छैन भने यसै सारसङ्ग्रह ग्रन्थको अध्ययनबाट सो गतार्थ हुने कुरा अन्तमा निवेदन गर्दछु ।

राजर्षिजनकाध्यक्ष अनन्त श्रीविभूषित ।
रमणानन्द स्वामीमा प्रणाम छ समन्ततः ॥
(१)
महासचिव विद्वान् प्रा. भवानती गुरुकाकन ।
शुभ मन्तव्यका लागि धन्यवाद समर्पण ॥
(२)
विद्वान् सचिव उ.प्रा. श्रीरोहिणीले गरी श्रम ।
प्रकाशनार्थ लेखेको लेखका निम्तिमा नमः ॥
(३)
विद्वान् प्राज्ञ सबैलाई उपसंहारमा गई ।
धन्यवाद दिएको छु विनीत अति नै भई ॥
(४)

ॐ ब्रह्मार्पणमस्तु ।

विनीत –
शरदकुमार भट्टराई

२०८२ साल वैशाख १३ गते
विजयचोक, प्रयागमार्ग, बत्तीसपुतली–९

ग्रन्थसार

मोक्षसाधन
पूर्वपीठिका

मङ्गलाचरण

सिद्धिदाता गणाध्यक्ष विद्यादात्री सरस्वती ।
मलाई करुणासाथ दिउन् बुद्धि सदैव ती ॥

(१)

मेरो लेखनको कार्य निर्विघ्न पूर्ण होस् भनी ।
दुवैमा प्रार्थना गर्छु सदा नमः नती बनी ॥

(२)

म गर्छु विष्णुलक्ष्मीमा प्रणाम दण्डवत् बनी ।
गुरुआमा पितामाता पद्मगोपालमा पनि ॥

(३)

पार्वतीशंकरौ वन्दे रामानन्दादिमा सदा ।
श्रद्धान्वित भई गर्छु अभिवादन सर्वदा ॥

(४)

दिऊन् सुदृष्टि साराले आशीर्वाद सधैँभर ।
यो ग्रन्थसार निर्विघ्न सकूँ लेख्न सरासर ॥

(५)

मैले भन्नुपर्ने –

तन जर्जर भो सारा चल्दैन दाहिने कर ।
तृष्णा छे तरुणी मेरी लेख भन्छे सधैँभर ॥

(१)

वैशाख तेह्रमा लागेँ अठासी वर्षमा अब ।
ग्रन्थसार म लेख्तैछु मेरो यै जन्म उत्सव ॥

(२)

अझै ग्रन्थ म के लेखूँ ? पाइन्नन् विज्ञ पाठक ।
कविता काव्य ती पढ्लान् वेदान्त पढ्नमा धक ॥

(३)

सत्तरी वर्ष भो मैले लेखेका ग्रन्थ ती सब ।
समीक्षा कविता काव्य वेदान्तादि गरी सब ॥

(४)

सानै उमेरदेखिन् नै सिर्जना सुरु ती गरेँ ।
त्रिपन्नथरीका ग्रन्थ मैले लेखन नै गरेँ ॥

(५)

प्रकाशित भएका छन् क्रमैले ग्रन्थ ती सब ।
यो ग्रन्थसारका पश्चात् प्रायः लेखिन्न वा अब ॥

(६)

यो ग्रन्थ किन लेख्तै छु ? आफैँ अशक्त भै पनि ।
कसका साथ यो सोधौँ ? बुझ्न सक्तिनँ मै पनि ॥

(७)

ग्रन्थारम्भ –

उसैका लागि हो पैलो समीक्षाग्रन्थ लेखन ।
एम् बी. बी. शाहको गीत करुणामय रोदन ॥

(१)

(प्रकाशन मिति- वि सं २०२७ साल, प्रकाशक - श्रीमुकुन्द शमसेर थापा, हात्तीसार, नक्साल, काठमाडौँ ।)

समीक्षाग्रन्थ हो दोस्रो ऋतुमन्थन नामतः।
तुलना ऋतुवैचार ऋतुआमन्त्रणैसित ॥

(२)

(प्रकाशन मिति- वि सं २०५२ कार्तिक २ गते, प्रकाशक- स्वयं समीक्षक, तानसेनदरबार, पाल्पा ।)

सिर्जना फूल हो तेस्रो कविताको समुच्चय ।
अधिकार र कर्तव्य लेखेँथेँ भइ निर्भय ॥

(३)

सर्वप्रथम भै मैले राजाबाटै पुरस्कृत ।
स्वर्णपदकबाटै नै भएँथेँ म विभूषित ॥

(४)

"तिम्रा हिम्मत हुन् कृष्ण कर्मयोग पढाउन ।
उठ हे देशका पार्थ ! यो नेपाल बनाउन ॥"

(५)

लेखनाथ थिए हाम्रा ठुला कविशिरोमणि ।
छन्दोबद्ध गरी लेख्थे कवित काव्य जे पनि ॥

(६)

शिरोमणिकवि भेट्न उनकै घर गैकन ।
अन्तर्वार्ता लिई भाको सिर्जनाको प्रकाशन ॥

(७)

(प्रकाशन मिति - २०५१ साल, विजयादशमी, विजयचोक प्रयागमार्ग, बत्तीसपुतली, काठमाडौँ।) प्रकाशकहरू - श्रीसञ्जीवकुमार भट्टराई, श्रीसतीशकुमार भट्टराई र श्रीसगुनकुमार भट्टराई। रचनाकाल- वि सं २०२७ सालदेखि वि. सं. २०५१ सालसम्मका गद्य र पद्य कविताहरू। समा सङ्गृहीत मुख्य मुख्य कविताहरू- कविशिरोमणि श्रीलेखनाथ पौडेल, श्रीनगर १, २, एउटा वृद्ध, पोखरा-यस्तै लाग्छ, वसन्त बेलायतमा, मेरो सगरमाथा बेलायतबाट हेर्दा, म टिप्पणी र आदेश, भानु, प्रबोधन आदि।)

चौथो हो काव्य लेखेँथैँ योद्धा शाह बहादुर ।
एउटा वीर योद्धाको भयो अन्त्य भयंकर ॥

(८)

"छाड्यो जल्ले परिजन सबै राष्ट्रलाई भनेर,
पोख्यो जल्ले रगतपसिना वीर योद्धा बनेर ।
हाँस्तै सक्थ्यो तुमुल रणमा होम्न जो प्राणसम्म,
त्यस्कै हत्या तर हुन गयो लाग्छ साह्रै अचम्म ॥"

(९)

(प्रकाशन मिति- वि सं २०५२ साल। प्रकाशक- श्रीसतीशकुमार भट्टराई, प्रयागमार्ग, बत्तीसपुतली, काठमाडौँ।)

श्रद्धाञ्जलि भयो पाँचौँ हो शोककाव्य वस्तुतः ।
शोकाकुल भई मैले गरेँथैँ काव्य प्रस्तुत ॥

(१०)

"साधासीधा चलन सब नै गाउँको त्यो सुरम्य,
कान्लाबारी मधुर तुलसी फूलबारी सुरम्य।
ढिक्कीजाँतो वन र बिरुवा त्यो पँधेरो सुरम्य,
आमालाई सकल सहजै लाग्दथे ती सुरम्य ॥"

(११)

(प्रकाशनमिति- वि सं २०५२ साल माघ १ गते, प्रकाशिका- श्रीमती इन्दिरा भट्टराई, विजयचोक, प्रयागमार्ग, बत्तीसपुतली, काठमाडौँ। रचनास्थान- मृगस्थली, किराँतेश्वर, वाग्मतीको किनारा, काठमाडौँ।)

छैटौँ हो आजका नेता यसमा राजनीतिको।
चिरफार भएको छ खुलेर भ्रष्ट नीतिको ॥

(१२)

बसी संसदकैभित्र देखियो जुन लेखियो।
विकार विकृति भ्रष्ट नेताको स्पष्ट देखियो ॥

(१३)

"तिम्रा छन् दरबारझैँ घरहरू गाडी नयाँ चढ्दछौ,
गर्छौ भाषण त्यागका तर तिमी जे भेट्टतछौ लुट्टतछौ।
सोध्लान् यी जनता जसै अघि बढी घाँटी समाईकन,
दिन्छौ उत्तर के ? तिमी त्यस घडी भाग्छौ डराईकन ॥

(१४)

हाम्रा शासक राष्ट्रसेवकहरू छाडेर आफ्नो पन,
पस्तैछन् दलभित्र चाप्लुस बनी झण्डा समातीकन।

जस्को जे सरकार बन्छ उसकै बन्छन् पुजारी सब,
बस्छन् नित्य कुरेर द्वार उनकै के काम गर्लान् ? अब ॥"

(१५)

*(प्रकाशनमिति- वि सं २०५३ साल, प्रकाशक- स्वयं लेखक।
रचनास्थान- संसद्भवन, ग्यालरीबैठक, सिंहदरबार, काठमाडौँ।)*

सातौँ भजन हो ग्रन्थ गीतादिको समुच्चय।
यसमा भगवद्भक्ति लेखिएको छ निश्चय ॥

(१६)

यसमा ज्ञान कर्मादि बत्तीस छन् समग्रतः।
प्रेमभक्तिसँगै यो छ राष्ट्रभक्ति समन्वितः ॥

(१७)

"तिमी छौ टाढा अझ पनि भगवन् ! कसरी भेट्नेहोला ?
तिम्रो मेरो बीचको दूरी कसरी मेट्नेहोला ?
मनमा धरमर भ्रम पालेर कसरी काट्ने घेरो ?
घोर रजनी एक्लै हुन्छु के गति होला मेरो ?

(१८)

*(प्रकाशनमिति- वि सं २०५२ साल। प्रकाशक- श्रीसञ्जीवकुमार भट्टराई
विजयचोक, प्रयागमार्ग, बत्तीसपुतली ९, काठमाडौँ।)*

आठौँ हो काव्य सद्वीर चिट्ठी अमरसिंहको।
पढ्दैमा हुन्छ रोमाञ्च रक्त उम्लन्छ वीरको ॥

(१९)

"हामी योद्धा लडाका अझ पनि दृढ छौँ लड्नलाई तयार,
लड्छौँ सारा डटेरै सहज अघि बढी सन्धि तोड्छौँ हजार ।
हाम्रो खाँडो छ लाग्ने सबल छ कर यो छैन कुँजो भएको,
लड्ने धोको छ बाँकी अझ पनि मनमा छैन पूरा भएको ॥"

(२०)

(प्रकाशक : राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, मिति : २०५३ साल

क्रान्तिदूत नवौँ काव्य यसका वि.पि. नायक ।
यिनी हुन् क्रान्तिका दूत यी प्रजातन्त्रदायक ॥

(२१)

बुद्धिजीवी ठुला हुन् यी साहित्यकार लेखक ।
क्रान्तिनायक हुन् वीर राणाशासननाशक ॥

(२२)

लडी चुनाव यी आए ठुलो मत लिईकन ।
भए प्रधानमन्त्री यी विकासमा दिए मन ॥

(२३)

यस नै बीच राजाले पूर्वाग्रह लिई अनि ।
पदच्युत गरी राखे सुन्दरीजलमा थुनी ॥

(२४)

बी पीले जेलबाटै नै राजालाई भने जति ।
राजनीतिक गम्भीर दूरगामी थियो अति ॥

(२५)

"उपेन्द्रफर्मुला बोकी हे राजन् ! जुन यो गऱ्यौ ।
आफ्ना नै पाउमा हान्यौ बंचरो नहुने गऱ्यौ ॥

(२६)

अदीतफर्मुला बोकी वामपन्थीहरू अब ।
गरी स्वागत पस्नेछन् तिम्रा दर्बारमा सब ॥

(२७)

"फ्याँक्यौ प्रजातन्त्र र दीप बाल्यौ,
थुन्यौ मलाई अनि दीप बाल्यौ ।
खुसी मनायौ कि ! भयो त राम्रो ?
परम्परा बस्छ कि ! यो नराम्रो ॥

(२८)

बल्यो जसोरि नृप ! दीप आज,
निभाउला भोलि यही समाज ।
षड्‌यन्त्रकारी नृप ! काम गर्छौ,
राजन् ! खलैनायकभित्र पर्छौ ॥

(२९)

फ्याँकिन्छ पक्कै घर तासको यो,
आएर झोक्का र बतासको यो ।
देख्छौ तिमी बाहिर बल्छ बत्ती,
निभ्नेछ तिम्रो घरभित्र बत्ती ॥

(३०)

वामपन्थीहरूलाई तिमी विश्वास गर्दछौ ।
यी प्रजातन्त्रवादीको हत्या गर्छौ र थुन्दछौ ॥

(३१)

तिमी सर्वत्र भर्दैछौ वामपन्थी भकाभक ।
बन्नेछन् वामपन्थी नै तिम्रो वंशविनाशक ॥”

(३२)

(प्रकाशन मिति – २०५३ साल, वि.पि. जयन्ती,
प्रकाशिका – श्रीमती इन्दिरा भट्टराई, शरदेन्दु निवास, विजयचोक, प्रयागमार्ग,
बत्तीसपुतली–९, काठमाडौँ ।)

दसौँ विविधयात्रा हो आजन्म मृत्यु नै तक ।
यात्रा जीवनको संझी लेखेँ काव्य विनाधक ॥

(३३)

आमाको काख हो पैह्लो यात्रा जीवनको सदा ।
श्मशानघाट नै बन्छ यात्रा अन्तिम सर्वदा ॥

(३४)

यसै विविधयात्रामा पैँतीस कविताहरू ।
छन्दोबद्ध गरी लेखेँ यात्रावर्णन भो सुरु ॥

(३५)

आमाको काख पहिलो यात्रा-

त्यो काख तिम्रो अमरापुरी हो, वात्सल्य तिम्रो मधुमाधुरी हो ।
म बस्छु तिम्रो जब काख पाई, म हाँक दिन्छु तब मृत्युलाई ॥

(३६)

श्मशानघाट अन्तिमयात्रा –

बिस्तारै दिन ढल्कदैँ अब गयो झारेर छाया पर,
 सन्ध्याको तम सुस्त सुस्त अहिले बढ्दैछ आफैँतिर ।
आँखामा अब शर्वरी मलिमसा ढाकेर आई सक्यो,
 मेरो वाक्य हुँदैछ बन्द कि ! कसो ! सन्त्रास छाई सक्यो ॥

(३७)

आयो अन्तिम काल चाल मुटुको घट्दै गयो सत्वर,
 इच्छा लोभ हटेर आज म बनेँ निर्वैर निर्मत्सर ।
अर्को जन्म लिएर खानु नपरोस् संसारको चक्कर,
 ऐले हे भगवन् ! परेँ शरणमा उद्धार मेरो गर ॥"

(३८)

(प्रकाशक – साझा प्रकाशन, पुलचोक, प्रकाशनमिति : २०५५ साल)

एघारौँ ग्रन्थ हो मेरो यात्रैयात्रा समग्रतः ।
यात्राकै क्रममा मैले लेखेँथेँ सब वस्तुतः ॥

(३९)

विदेशका परे धेरै केही परे स्वदेशका ।
वैविध्य छन्द आबद्ध छब्बीस कविता निका ॥

(४०)

यो सोह्रसालदेखिन् भै साल सन्ताउन्नैतक ।
प्रत्यक्ष वर्णनै मैले गरेको भन्छु निर्भिक ॥

(४१)

थालेँ भारतबाटै नै यात्राको क्रम वर्णन ।
भयो भारतमा नै गै मेरो यात्रा समापन ॥

(४२)

एक वर्ष पढेँ मैले बेलायत गईकन ।
जापानमा पढेँ मैले अन्ताराष्ट्रिय कानुन ॥

(४३)

घुमेँ अमेरिका चीन अष्ट्रिया रुस जर्मनी ।
अष्ट्रेलिया गएँ हङ्कङ् सर्कारी पाहुना बनी ॥

(४४)

सिंगापुर गएँ घुम्न विभिन्न देशमा पनि ।
लेखेँथेँ सबका मैले कविता दिन्छु ती पनि ॥

(४५)

म इन्डोनेशिया घुम्दै टापुका देशमा गएँ ।
भियत्नाम गएँ बैङ्कक् फिलिप्पिन्स् गै खुसी भएँ ॥

(४६)

उज्बेकीस्तानका साथै धेरै देश घुमेँ तब ।
युवा थिएँ थियो शक्ति लाग्थ्यो रमाइलो सब ॥

(४७)

संयुक्तराष्ट्रसङ्घैले गरीबीको निवारण ।
गर्ने प्रस्ताव राखेर गऱ्यो आयोजना जुन ॥

(४८)

पाकिस्तान जहाँ त्यस्को ठूलो बैठक जो भयो ।
सहभागी हुनालाई निम्तो नेपालमा दियो ॥
(४९)
इस्लामावादमा त्यस्को आयोजना भयो जब ।
नेपालबाट हामी गै सहभागी भयौँ तब ॥
(५०)
गई बैठकमा सारा वार्ता विमर्श भैकन ।
गरी पारित प्रस्ताव त्यो सभा भो समापन ॥
(५१)
अर्को दिन लगे घुम्न राम्रा स्थान भएतिर ।
लगे संसदका साथै लगे मस्जिद आखिर ॥
(५२)
हिन्दू मन्दिरको देखेँ त्रासदी ध्वंसता जुन ।
मन व्यथित भो सारै भएँ विह्वल तत्क्षण ॥
(५३)
आँसुका भलमा बस्यौं भावना क्षुब्ध नै भई ।
दुइटा छन्दमा लेखेँ विस्तीर्ण कविता दुई ॥
(५४)
दिँदैछु एउटा श्लोक त्यसैबाट बुझौँ सब ।
पाकिस्तानी महा क्रूर भएको देखियो तब ॥
(५५)

तिम्रा मस्जिद भव्य छन् सब नयाँ विध्वंश छन् मन्दिर,
बोल्छन् माइकबाट मस्जिदहरू छन् मौन यी मन्दिर ।
हिन्दू छन् अति अल्प मर्दन गर्‍यौ मार्‍यौ लखेट्यौ सब,
यो कस्तो जड दानवी महज हो ? आफैँ बताऊ अब ॥

(५६)

डेनमार्क र कोरीया हल्यान्ड ग्रीसमा गएँ ।
बङ्गलादेश बेरूत विमानैबाट टेकिएँ ॥

(५७)

लेख्तालेख्तै हुने धेरै धेरै देश घुमें अरू ।
जिज्ञासा छ भने जान्न यात्रैयात्रा पढौँ बरू ॥

(५८)

तीनपल्ट गएँथें म ओहदा ली अमेरिका ।
ओलम्पिक थियो मेरो पैलो यात्रा अमेरिका ॥

(५९)

सबै भ्रमणको मैले लेखेको छु यथामति ।
थोरै लेखन गर्दैछु खेलको मात्र सम्प्रति ॥

(६०)

सेण्टटेनियल ओलम्पिक् एट्लान्टामा भयो जुन ।
गएँ खेलाडि ली साथ 'चेफ्डी मिशन' भैकन ॥

(६१)

मैले राष्ट्रपति भेटेँ हिलारी साथ क्लिन्टन ।
अरू वर्णन बुझ्ने कि ! यात्रैयात्रा पढीकन ॥

(६२)

त्यसका कविता केही तल दिन्छु म सूक्ष्ममा ।
लेखेर साध्य नै छैन लेखिन्न यो समग्रमा ॥

(६३)

म देख्छु दिव्य स्वप्नझैँ अगम्य यो अमेरिका,
जताततै छ भव्यता र उच्च छन् अटालिका ।
जसै यहाँ सुरु भयो अपूर्व विश्व-खेलको,
अपूर्व दृश्य देखियो समुद्रझैँ मनुष्यको ॥

(६४)

जसै बढ्यौँ ध्वजा लिई अगाडि विश्वमञ्चमा,
बढ्यौँ तरङ्गझैँ सबै बगेर नै तरङ्गमा ।
सबै बढ्यौँ अगाडि नै गरी विभिन्न नर्तन,
हिलारी साथ मञ्चमा विराजमान क्लिन्टन ॥

(६५)

गएर सामुमा दिएँ जनाउ काम नामको ।
दिएँ सहर्ष सूचना स्वकामको स्वधामको ॥

(६६)

मिलाइ हात सुस्तरी गरेँ शुभाभिवन्दन,
प्रफुल्लभावमा थिए र राष्ट्रका पति ती क्लिन्टन ।

विनम्रभावले दिएँ प्रतीक चिन्ह राष्ट्रको,
दिए कृतज्ञभावले जवाफ साधुवादको ॥

(६७)

पढ्थे अमेरिकामा गै नेपालका युवाजन ।
ती खेल हेर्न आएथे भेटे आएर तत्क्षण ॥

(६८)

जर्जिया एटलान्टामा सभाभवन लीकन ।
हाम्रो प्रफुल्लतासाथ गरेथे अभिनन्दन ॥

(६९)

हाम्रा स्वागतका लागि सभा राखे सबै भई ।
मन्त्री, दीपेन्द्र, खेलाडी म गएँ साथमा लिई ॥

(७०)

मन्त्री, दीपेन्द्रले बोले मैले बोलें उठीकन ।
पञ्चचामरमा लेखी पढेँथेँ काव्य तत्क्षण ॥

(७१)

त्यो काव्य अति लामो छ दुइटा श्लोक लीकन ।
यहाँ उद्धृत गर्दैछु "दूर देश" भनीकन ॥

(७२)

बसेर दूर देशमा स्वदेश यो नबिर्सनु,
झुकेर आत्मग्लानिले यहाँ तिमी नतर्सिनु ।
जहाँ रहू युवा तिमी हिमाल हौ स्वरूपमा,
म ठान्छु राजदूत हौ यहाँ समग्ररूपमा ॥

(७३)

गरीब छौँ र रुग्ण छौँ असाध्य नै विपन्न छौँ,
अतास लाग्छ हे युवा ! अतीव आज खिन्न छौँ ।
प्रवासमा गई जसै युवाजमात बस्तछ,
गएर राष्ट्र आखिरी पछाडि नै त पर्दछ ॥

(७४)

(यात्रा गरेको देश एटलान्टा, जर्जिया, संयुक्तराज्य अमेरिका ।
यात्राको अवधि सन् १९९७ जुलाईदेखि अगष्ट ६ सम्म ।)

वार्ता गर्न म हूँ योग्य चिन्यो सर्कारले जब ।
अमेरिका पठाएथ्यो दोस्रो पल्ट गएँ तब ॥

(७५)

शिक्षाविकासका लागि अनुदानार्थ नै जुन ।
विश्वबैङ्क गई वार्ता गऱ्यौँ शालीन भैकन ॥

(७६)

वार्ता सफल पारेर बिदाबारी भईकन ।
ह्वाइट्हाउस् गयौँ हेऱ्यौँ चोटाकोठा घुमीकन ॥

(७७)

अर्को दिन उड्यौँ हामी सान्फ्रान्सिस्को गईकन ।
एकरात बसी फर्क्यौँ नेपालमै दिई मन ॥

(७८)

(यात्राको अवधि – मिति २०५५ साल पौष २० गतेदेखि पौष २९ गतेसम्म)

अमेरिका गएँ तेस्रो पल्ट साथी लिई अनि ।
शिक्षाविकासका लागि अनुदानार्थ नै भनी ।।

(७९)

अनुदानार्थ सम्झौता वि.बैङ्कसँग भयो जब ।
हस्ताक्षर गरी फर्क्यौं बिदाबारी भई तब ।।

(८०)

न्यूयोर्क गई हामी राष्ट्रसङ्घ घुमीकन ।
नेपालै फर्कियौं सोझै पूर्ण सफल भैकन ।।

(८१)

(यात्राको अवधि – मिति २०५५ साल फागुन ८ गतेदेखि फागुन २५ गतेसम्म)

तीनपल्ट गएँ चीन आमन्त्रित भईकन ।
पहिलो पल्टको गर्छु तल सङ्क्षिप्त वर्णन ।।

(८२)

त्यहाँ बस्ता घुम्यौं हामी दर्शनीय निकै स्थल ।
तिनको अति सङ्क्षिप्त उल्लेख गरुँला तल ।।

(८३)

यात्राका क्रममा पैले दक्षिणी कोरिया गयौँ ।
दुई दिन बस्यौँ हामी घुम्यौँ बैठकमा गयौँ ।।

(८४)

रहेछ राष्ट्र सम्पन्न विभाजन भए पनि ।
वाणिज्य साथ उद्योग बढायो उद्यमी बनी ।।

(८५)

त्यहाँबाट उडी हामी बेजीङ चीनमा गयौँ।
गरे स्वागत सत्कार प्रफुल्लित निकै भयौँ॥

(८६)

कार्यक्रम थियो हाम्रो परिवारनियोजन।
राष्ट्रसङ्घीय हो सारा कार्यक्रम थियो जुन॥

(८७)

लियौँ बैठक धेरैमा सहभागी भईकन।
घुम्यौँ बेजीङका साथ प्रान्तमा पनि गैकन॥

(८८)

ठूलो पर्खालका साथै राम्रा ठाउँ घुमीकन।
नेपाल फर्कियौँ पैलो चीन यात्रा सकीकन॥

(८९)

(यात्राको गरेको मिति १९९६ मे ५ देखि मे १८ सम्म
यात्रा गरेको देश – दक्षिण कोरिया, गणतन्त्र चीन र हङ्कङ)

दोस्रो पल्ट गएँ चीन आमन्त्रण मिलीकन।
मन्त्री बल थिए साथ भेट्यौँ मन्त्रीहरूकन॥

(९०)

घुम्यौँ स्थानहरू राम्रा ऐतिहासिक जो थिए।
अर्निकोको थियो सेतो गुम्बामा पनि ली गए॥

(९१)

ठूलो पर्खाल साक्षीझैँ चीनको भूतकालको,
मानदण्ड भनौँ यद्वा आरोह अवरोहको।

ढुङ्गाका पत्रमा मैले आवाज मुटुको सुनेँ,
टेकी पर्खालको छाती चीत्कार सहसा सुनेँ ॥

(९२)

शरद्का पूर्ण रात्रिमा फूलको सौम्य रङ्गमा,
सजिएको छ बेजीङ उत्साह र उमङ्गमा ।
दिनमा जति चम्कन्छ रातमा अति दोबर,
टेनमेन छ चम्केको बनी आज मनोहर ॥

(९३)

रातको पूर्व सन्ध्यामा उभिई यस चोकमा,
चारैतिर म हेर्दै छु पुगेर भूतलोकमा ।
पानीका फोहरा राता रङ्गीचङ्गी म देख्तछु,
आज यो चोकमा रातो इतिहास म देख्तछु ॥

(९४)

रातो क्रान्ति म देख्तैछु रातो किताब देख्तछु,
राता सैनिक गर्जेको चारैतिर म देख्तछु ।
प्रजातन्त्र भनी नारा लागेको दृश्य देख्तछु ।
गोलीको बुटको चर्को गड्गडाहट सुन्दछु ॥

(९५)

युवाको रक्तको धारा बगेको दृश्य देख्तछु,
त्रस्त चीत्कार सन्त्रास, यत्रतत्र म देख्तछु ।
घुमेका छन् सबै दृश्य आँखामा चित्र झैँ बनी,
माओका देशमा ऐले आएको छु र तै पनि ॥

(९६)

दुई पक्ष मिली हाम्रो भयो बैठक क्यै दिन ।
सकेर चीनको यात्रा फर्क्यौँ तिब्बत भैकन ॥

(९७)

(यात्रा गरेको देश – गणतन्त्र चीन
यात्रा गरेको मिति : २०५३ साल आश्विन ५ गतेदेखि आश्विन १५ गतेसम्म ।)

एसीपीएफको भेला भयो गएर चीनमा ।
तेस्रो पटक जाँदै छु लिई सदस्य चीनमा ॥

(९८)

सकी बैठकको काम धेरै प्रान्त घुमीकन ।
जे देखेँ तिन मध्येमा थोरैको गर्छु वर्णन ॥

(९९)

त्यो फर्बिडेन दर्बार गयौँ घुम्यौँ सबैतिर ।
विशालतम दर्बार सजिएको मनोहर ॥

(१००)

लामो प्रसिद्ध पर्खाल गयौँ घुम्यौँ सुदुस्तर ।
टेनमेन गयौँ हेर्न विशाल त्यो सभा घर ॥

(१०१)

माओको शव राखेको घरमा गइयो जब,
सुतेझैँ मस्त निद्रामा भएँ चकित नै तब ।
कुनै दिन गएँ घुम्न माओको छ जहाँ घर,
च्याङ्काइसेक साथैमा बस्थे मित्र परस्पर ॥

(१०२)

यसरी चीनको तेस्रो यात्रा पनि सकीकन ।
फर्कियौँ हामी नेपाल हङ्कङ् पनि पुगीकन ॥

(१०३)

(यात्रा गरेको अवधि वि.सं. २०५७ साल असौज २३ गतेदेखि वि.सं. २०५७ साल कार्तिक ६ गतेसम्म)

तीनपल्ट गएँथेँ म जापान पाहुना भई ।
पैलो पल्ट पढेँ मैले युनाफे केन्द्रमा गई ॥

(१०४)

सुरुमा नै गएँ घुम्न सारा सहर टोकियो ।
आकाशाका गएँ घुम्दै राजप्रासाद देखियो ॥

(१०५)

टाकोशाल गएँ देखे हिन्दुका भग्न मूर्ति ती ।
आशाकामा गएँ घुम्न देखेँ सुरम्य नै अति ॥

(१०६)

पुराना मठ छन् राम्रा नयाँ भवन सुन्दर ।
दुवैथरी मिलाएर बनाएका मनोहर ॥

(१०७)

देखियो दिव्य संसार जापानीजनका घर ।
जता गयो उतै राम्रो सारा जापान सुन्दर ॥

(१०८)

जापानीजन छन् सभ्य आरिगातो भनीकन ।
गर्छन् अतिथिसत्कार झुकेर अभिवादन ॥

(१०९)

जापानी घरनिम्तोमा अभ्यागत भई गएँ।
गरे स्वागत सत्कार प्रभावित खुबै भएँ॥

(११०)

कुनै दिन गएँ हेर्न फुजी पहाड सुन्दर।
गएँ सहर सान्दाई टोकियोदेखि उत्तर॥

(१११)

हेरेँ संसदजापानी क्योतो सहरमा गएँ।
इकेवाना पुष्पसज्जा देखेँ सिकेँ खुसी भएँ॥

(११२)

द्वितीय विश्वको युद्ध हुँदा भो नाश उद्धुम।
हिरोशिमा भयो ध्वस्त पड्केर अणुको बम॥

(११३)

हिरोशिमा छ साक्षीझैँ बीभत्स इतिहासको।
हेर्दा त्यो ठाउँले दिन्छ झझल्को सर्वनाशको॥

(११४)

भाषा जापानि कक्षामा गएँ जाने पढीकन।
आरिगातो सुमीमासेन् आदि शब्द अनेकन॥

(११५)

निरन्तर पढेँ मैले अपराध नियन्त्रण।
अन्त्यमा आँसु झारेर गरे बिदा दुख्यो मन॥

(११६)

त्यहाँबाट गएँ हङ्कङ् दुई रात बसीकन ।
नेपाल फर्किएथेँ म वायुयान चढीकन ॥

(११७)

(जापानमा बसेको अवधि वि.सं. २०४६ साल भदौ १२ गतेदेखि वि.सं. २०४६ मङ्सिर १२ गतेसम्म)

दोस्रो पटक जापान आमन्त्रण मिलीकन ।
गएँ प्रशासकका साथ लिन भाग भनीकन ॥

(११८)

केही दिन बसेँ भेटेँ घुमेँ सहर सुन्दर ।
होकाइडो पुगेँथेँ म अति सुन्दर उत्तर ॥

(११९)

केही दिन घुमेँ फेरि बिदाबारी भईकन ।
फर्केँ हङ्कङ थाइल्याण्ड घुम्दै नेपाल तत्क्षण ॥

(१२०)

(यात्राको अवधि– सन् १९९१ अक्टोबर १४ देखि अक्टोवर ३० सम्म)

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय
ACC 23662

पीसीपीएफ संस्थाले आमन्त्रण दियो जब ।
जापानमा गएँथेँ म तेस्रो पटक नै तब ॥

(१२१)

म निर्देशक संस्थाको अन्तराष्ट्रियको भएँ ।
संस्थापकहरू मध्ये यौटा म त्यसको थिएँ ॥

(१२२)

भयो बैठक टोक्योमा बोलेँ छलफलै गरी ।
घुमेँ घुम्न थिए बाँकी रहरै मेटिने गरी ॥

(१२३)

हाम्रो बैठक भो अन्त्य बिदाबारी भईकन ।
नेपाल फर्किएँ सोझै वायुयान चढीकन ॥

(१२४)

(जापान गएको र फर्किएको अवधि वि.सं. २०४१ साल फागुन २० गतेदेखि वि.सं. २०४१ साल फागुन ३० गतेसम्म)

अष्ट्रेलिया गएँ पैलो मैले निम्तो मिलीकन ।
अति उत्सुकतासाथ गएँ जेट चढीकन ॥

(१२५)

त्रि.वि.बाट गए साथ प्रा. डा. सर्वज्ञ मल्ल ती ।
तल उल्लेख गर्ने छु जे जे गरेँ यथामति ॥

(१२६)

न्यूक्यासल पुगी हामी वि.वि. भवनमा गयौँ ।
गरे स्वागत सत्कार जानकारी सबै लियौँ ॥

(१२७)

सबै विभागका भेट्यौँ प्राध्यापक र शिक्षक ।
वार्तालाप भयो राम्रो गऱ्यौँ निरीक्षणादिक ॥

(१२८)

बिदाबारी भई हामी सारा सिड्नी घुमीकन ।
छोरो सगुन भेटेर फर्क्यौँ नेपाल तत्क्षण ॥

(१२९)

(यात्राको अवधि वि.सं. २०५४ साल कार्तिक १० गतेदेखि कार्तिक २४ गतेसम्म)

दोस्रोपल्ट गयौँ मेल्बोर्न् स्काउटको सभा भई ।
लियौँ बैठकमा भाग फुर्तीसाथ खुसी भई ॥

(१३०)

लिन बैठकमा भाग गयौँ हामी दुई भई ।
रवीन्द्र साथमा मैले लगेँथेँ मित्र संझिई ॥

(१३१)

मेलबोर्न पुग्यौँ हामी स्काउटको सभा गयौँ ।
भव्य स्वागत भो हाम्रो सहभागी हुँदा भयौँ ॥

(१३२)

चिनाजान गरी हाम्रो सभाको कार्य भो सुरु ।
बोल्यौँ स्काउट बारेमा प्रश्नोत्तर भयो सुरु ॥

(१३३)

केही दिन बस्यौँ हामी सहभागी भई खुबै ।
घुमी सहर मेलबोर्न फर्क्यौं बिदा भई दुवै ॥

(१३४)

(यात्राको अवधि वि.सं. २०५७ साल कार्तिक १६ गतेदेखि २८ गतेसम्म)

तेस्रो अष्ट्रेलियायात्रा छोराका घरमा भयो ।
उनको घर सिड्नीको इष्टबोर्न रोडमा थियो ॥

(१३५)

छोराको घर सिड्नीमा गएँ श्रीमती लीकन।
नौरथामा भयो पूजा देवीको पूर्ण नौ दिन ॥

(१३६)

नौरथामा गरेँ मैले देवीको पाठपूजन।
टीका र जमरा लायौँ नाति छोरा वधूकन ॥

(१३७)

घुम्न बाँकी घुम्यौँ सारा देवमन्दिरमा गयौँ।
छोरा नाति बुहारीका साथ घुम्यौँ खुसी भयौँ ॥

(१३८)

दुइटा ग्रन्थ लेखेथेँ अद्वैतसिद्धि दैनिकी।
घुम्यौँ सहर सम्पूर्ण उत्साह मनमा झिकी ॥

(१३९)

गएका दिन देखिन् नै फर्केका दिनका तक।
लेखेँथेँ दैनिकी मैले विना उद्‌देश्य नाहक ॥

(१४०)

लेखायो जसले लेखेँ म ता निमित्त मात्र हुँ।
प्रतिबिम्ब उसैको म यौटा निरीह पात्र हुँ ॥

(१४१)

बसेर डेढ नै मास बिदा बारी भयौँ जब।
बर्सिए आँसुका धारा भयौँ विह्वल नै तब ॥

(१४२)

(बसेको अवधि वि.सं. २०६८ साल असौज ६ गतेदेखि कार्तिक २२ गतेसम्म।)

बेलायत गएँथेँ म म्यान्चेष्टर् युनिभर्सिटी ।
एक वर्ष पढेँ मैले प्रशासन, घुमेँ कति ।।

(१४३)

यात्राका क्रममा फेरि बारम्बार गईकन ।
छुटेका पहिले घुम्न घुमेँथेँ सब लन्डन ।।

(१४४)

त्यहाँको सूक्ष्म वृत्तान्त यात्रैयात्रा लिईकन ।
गरी उद्धृत क्यै श्लोक यात्राको गर्छु वर्णन ।।

(१४५)

"मान्छे सबै नयाँ लाग्थे हावापानी थियो नयाँ ।
भाषा भेष कुराकानी भावभङ्गी सबै नयाँ ।।

(१४६)

जता गयो नयाँ वस्तु नयाँ यो देश लाग्दछ ।
विदेश पहिले पुग्दा अत्यन्त भय लाग्दछ ।।

(१४७)

वर्डस्वर्थ कवि जन्मेको लेकडिष्ट्रिकमा गएँ ।
लुसिग्रे कविता सम्झेँ भावान्वित निकै भएँ ।।

(१४८)

कविका घरमा जाँदा भएँ निकै प्रभावित ।
सम्पूर्ण कविका वस्तु देखिए ती सुरक्षित ।।

(१४९)

यात्राका क्रममा घुम्दै स्ट्राफोर्ड एभोनमा गएँ ।
सेक्स्पेर कविको धर्ती पुगेर म खुसी भएँ ॥
(१५०)

जन्मेका स्थानका साथै लेखेका नाटकादिक ।
पढेका सम्झिएँ मैले म्याक्बेथ् ह्यामलेट आदिक ॥
(१५१)

गएँथेँ नाट्यशालामा जहाँ नाटक चल्दथे ।
ह्यामलेट म्याकबेथादि जहाँ ती पात्र घुम्दथे ॥
(१५२)

ब्रुटस् सिजर ओथेलो म्याकबेथहरू पनि ।
देखिए नाट्यशालामा साँच्चै जीवितझैँ बनी ॥
(१५३)

स्टकल्याण्ड गएँ घुम्दै म एडिनबरमा गएँ ।
केसिङ्टन बकिङ्घाम राजप्रासादमा गएँ ॥
(१५४)

घुम्दै लन्डनमा हेर्न गएँ संसदमा पनि ।
दुबै सभा थिए चालु हेरेँ दर्शक नै बनी ॥
(१५५)

हाइट्पार्क घुमी घुम्दै चिडियाघरमा गएँ ।
प्लानेटोरियमा साथै ब्रिटिश् लाइब्रेरीमा गएँ ॥
(१५६)

नदी टेम्स घुमी फेरि ट्युब ट्रेन चढीकन ।
दूतावास गएँथें म गरेथें रात्रिभोजन ॥
(१५७)

पढ्ने घुम्ने सबै काम एक वर्ष बसी गरें ।
घुम्ने काम सकी फेरि युनिभर्सिटि फर्किएँ ॥
(१५८)

कक्षामा फर्किई सारा पढ्ने काम सकीकन ।
दीक्षान्तको समारोह भयो भव्य समापन ॥
(१५९)

प्राध्यापक र विद्यार्थी सबै भावुक नै भयौं ।
बिदाबारी भई हामी निवासस्थान फर्कियौं ॥
(१६०)

योभन्दा अघि इष्टर्मा चढी पानीजहाजमा ।
ईङ्ग्लिस्च्यानल भै पार गएँ नेदरल्यान्डमा ॥"
(१६१)

युनिभर्सिटीको मेरो पढाई पूर्ण भै सब ।
नेपाल फर्किएँथें म बी.ओ.ए.सी. चढी तब ॥
(१६२)

बेलायत गएको यात्राको र पढ्न बसेको अवधि वि.सं. २०३४ साल आषाढ १५ गतेदेखि वि.सं. २०३५ साल आषाढ १५ गतेसम्म । पढेको विषय Public administration पढेको विद्यालय – म्यान्चेष्टर भिकटोरिया युनिभर्सिटी । बसेको स्थान – लिन्टन हाउस १५ दिन र लेभेन्जोभमा घर भाडामा लिएर एक वर्ष बसेको)

ओलम्पिक् खेलको Chef de mission भैकन ।
खेलाडीको भई नेता एक लक्ष्य लिईकन ॥
(१६३)

उडी नेपालबाटै नै साँझ फ्र्याङ्कफर्टमा झरेँ ।
पैले लेखेँ विमानैमा मैले जे कल्पना गरेँ ॥
(१६४)

घमण्ड आर्यको अझै यहाँ सशक्त पाइने ।
ऋचा पवित्र वेदका यहाँ अझै छ गाइने ॥
(१६५)

गरेर टाउको उँचो ठड्याई सव्य तर्जनी ।
सहेर दुःख हिट्लरी उठी रहेछ जर्मनी ॥
(१६६)

विभक्त जर्मनी बोन अमेरिका गईकन ।
बसेँथेँ म दूतावास फर्कदा नै दुई दिन ॥
(१६७)

जे देखेँ दिनमा मैले सुत्दा ऐठन जो भयो ।
त्यस्कै उल्लेख गर्छु म सन्त्रासपूर्ण जो थियो ॥
(१६८)

छ गन्ध वायुमा अझै बीभत्स ग्यासनर्तन ।
निरीह जीवको अझै सुनिन्छ आर्त क्रन्दन ॥
(१६९)

म सुन्छु शब्द रातमा कराईंदो भयङ्कर ।
हिँडीरहेछ वा यहाँ बनेर भूत हिट्लर ॥
(१७०)

संयुक्त जर्मनी पश्चात् गएँथे घुम्न बर्लिन ।
गर्दै छु यसकै ऐले छोटो सङ्क्षिप्त वर्णन ॥
(१७१)

अभिशाप थियो पैले यहाँ पर्खाल बीचमा ।
भएछ भस्म मान्छेको परेर कोप अग्निमा ॥
(१७२)

छैन पर्खालको चिह्न अहिले त्यो कतैतिर ।
देखिन्छन् मात्र क्यै टुक्रा यात्रीदर्शन खातिर ॥
(१७३)

थियो चीत्कार मान्छेको भएर पूर्व जर्मनी ।
घुम्थ्यो हिट्लरको प्रेत अभिशाप सधैँ बनी ॥
(१७४)

बुद्धि राम्रो लगाएर विश्वकल्याण खातिर ।
गर्थे ता काम ती बन्थे सधैँ अमर हिट्लर ॥
(१७५)

अति सङ्क्षिप्तमा मैले घुमेँथेँ राष्ट्र जर्मनी ।
घुमी सन्तुष्टि पाएँथेँ अति छोटो भए पनि ॥

(१७६)

(यात्रा गरेको मिति – २०५५ साल फागुन ८ गतेदेखि फागुन २५ गतेसम्मा यात्रा गरेका स्थानहरू– अमेरिका वासिङ्टन, बाल्टीमोर,, पिटसूबर्ग, ह्यामिरिशबर्ग, बर्लिन, जर्मनी, नयाा दिल्ली)

गएँ फ्रान्स उनन्तीसौँ युनेस्कोको थियो सभा ।
थियो पेरिस चम्केको चारैतिर छरी प्रभा ॥

(१७७)

थोरै नै दिनमा मैले देखेँथेँ जो घुमीकन ।
त्यसकै यसमा गर्छु अति सङ्क्षिप्त वर्णन ॥

(१७८)

नेपोलियन देखिन्छन् प्रिफेक्ट ती स्वयं बनी ।
प्रिफेक्चरभरी घुम्छन् प्रतिमूर्ति सरी बनी ॥

(१७९)

घोडाका टाप टङ्कारो निकालेर प्रतिध्वनि ।
नेपोलियन घुम्दैछन् जस्तो लाग्छ अझै पनि ॥

(१८०)

भर्साइल गएँ हेर्न इतिहास पढीकन ।
दर्बार लुइराजाको विलाशकेन्द्र हो जुन ॥

(१८१)

चढी टावर आईफिल्ड सारा पेरिस देखियो ।
रम्य वास्तु कलायुक्त देखेर फ्रान्स लेखियो ॥

(१८२)

थोरै दिन घुमी फर्कें लाग्यो पेरिस सुन्दर ।
जाने रहर बाँकी छ जान भो अब दुष्कर ॥

(१८३)

(यात्रा गरेको मिति वि.सं. २०५४ साल कार्तिक २ गतेदेखि ८ गतेसम्म । यात्रा गरेको देश – फ्रान्सको राजधानी पेरिश)

थाइल्याण्ड गएँथेँ म थाइजेट चढीकन ।
इस्क्यापको मिल्यो निम्तो सहभागी हुनाकन ॥

(१८४)

होटेलमा बसेँ गोल्डेन् गएँ इस्क्यापमा अनि ।
सहभागी भएँथेँ म नेता नेपालको बनी ॥

(१८५)

दुई दिन चल्यो भेला कार्यपत्र पढीकन ।
प्रश्नोत्तर गरी बोली भयो सभा समापन ॥

(१८६)

राजप्रासादका साथै सारा बैङ्कक् घुमीकन ।
फर्कैथैँ घर नेपाल कोसेली क्यै लिईकन ॥

(१८७)

(यात्राको अवधि सन् १९८९ अप्रिल १२ देखि १७ सम्म)

ए.सी.पी.एफ. को निम्तो मिली अनिल लीकन ।
मलेसिया गएँथेँ म सहभागी हुनाकन ॥

(१८८)

क्वालालाम्पुरमा हाम्रो भयो बैठक सुन्दर ।
दुई दिन चल्यो भेला गरी प्रश्न र उत्तर ॥

(१८९)

समापन भयो भेला घुम्यौँ सहर सर्सर ।
ट्रेनबाट गयौँ हामी सिङ्गापुर भएतिर ॥

(१९०)

गोरखालीहरू भेट्यौँ दिए आतिथ्य सुन्दर ।
अर्को दिन घुम्यौँ हामी सिङ्गापुर मनोहर ॥

(१९१)

यात्रा बैठक भो पूर्ण किनमेल गरीकन ।
चढेर जेटमा फर्क्यौँ नेपालमा दिई मन ॥

(१९२)

(यात्राको अवधि – सन् १९९३ जनवरी १० देखि १८ सम्म)

ए.सी.पी.एफ. को निम्ता पाएर फिलिपिन्समा ।
गएँ बैठक भो हाम्रो थियो भव्य समग्रमा ॥

(१९३)

दिन तीन चल्यो भेला बोल्यौँ हामीहरू सब ।
प्रश्नोत्तर भए पश्चात् भयो निर्णय नै तब ॥

(१९४)

मनिलामै थियो भेला समाप्त त्यो गरीकन ।
घुमेँ सहर तत्पश्चात् गरेँ प्रस्थान तत्क्षण ॥

(१९५)

पुगी हङ्कङ् बसी रात किनमेल गरीकन ।
फर्किएँथेँ चढी जेट काठमाडौँ म तत्क्षण ॥

(१९६)

(यात्राको अवधि सन् १९९४ मार्च ७ देखि मार्च १२ सम्म)

संयुक्तराष्ट्रसङ्घैको प्रायोजन मिलीकन ।
गएँ अच्युतका साथ हिन्देसिया कुनै दिन ॥

(१९७)

हाम्रो काम थियो हेर्ने प्रशासन सुधारको ।
गयौँ समितिबाटै नै थियो कार्य विचारको ॥

(१९८)

राष्ट्राध्यक्ष जहाँ बस्थे सोही भवनमा गयौँ ।
भयो सुधारको चर्चा लाभान्वित निकै भयौँ ॥

(१९९)

जानकारी लिई सारा बिदाबारी भयौँ पनि ।
घुमी सहर जाकार्ता सिङ्गापुर उड्यौँ अनि ॥

(२००)

सिङ्गापुर बस्यौँ हप्तौँ हेर्‍यौँ दृश्य घुमीकन ।
गयौँ प्रधानमन्त्रीको हेर्न सुधार शासन ॥

(२०१)

बिदाबारी भयौँ हामी सकी अध्ययनादिक ।
घुम्यौँ सहर त्यो सारा सिङ्गापुरद्वीपैतक ॥

(२०२)

किनमेल गरी फर्क्यौँ आफ्नै जेट चढीकन ।
रमाइलोसँगै हाम्रो यात्रा भयो समापन ॥

(२०३)

(यात्राको अवधि सन् १९९४ नोभेम्बर २७ देखि डिसेम्बर १२ सम्म । यात्रा गरेको देशहरू – इण्डोनेशिया र सिङ्गापुर)

शिक्षाविकासकै लागि सम्झौता गर्न नै भनी ।
डेनमार्क गएँथें म सहयोगी लिई अनि ॥

(२०४)

डेनिडासँग भो वार्ता अनुदान दिने भयो ।
अति सौहार्दकासाथ हस्ताक्षर पनि भयो ।

(२०५)

अर्को दिन घुम्यौँ सारा राम्रा स्थान गईकन ।
नेपाल फर्कियौँ हामी बैङ्कक्तर्फ भईकन ॥
(२०६)

(यात्राको अवधि – मिति २०५५ साल फागुन ३० गतेदेखि चैत्र ९ गतेसम्म)

लागूपदार्थको गर्ने नियन्त्रण भनी जब ।
सम्मेलन भएथ्यो त्यो भियनामा गई तब ॥
(२०७)

म गएँ साथ ली साथी ज्यूरीक नै भईकन ।
भियनामा पुग्यौँ प्रातः सारा रात उडीकन ॥
(२०८)

सभाभवनमा हामी गयौँ प्रारम्भ भो सभा ।
संसारैभरिका विद्वान् बोले निकाली स्वप्रभा ॥
(२०९)

कार्यसूची थियो साझा भावना एउटै थियो ।
लागूपदार्थ रोक्ने नै सबैको चाहना थियो ।
(२१०)

लामा भाषणका पश्चात् रोक्ने सङ्कल्प लीकन ।
गरी स्वागत पैले र गरे पछि विसर्जन ॥
(२११)

अर्को दिन गयौँ घुम्न भियना दिव्य सुन्दर ।
पुराना भव्य दर्बार रङ्गीचङ्गी मनोहर ॥
(२१२)

जता हेऱ्यो उतै राम्रो हेर्दै बिदा भईकन ।
उडी लन्डन भो वास दूतावास गईकन ॥
(२१३)

घुम्न बाँकी घुमी हेरी केही दिन बसीकन ।
कृतकृत्य भई फर्क्यौं नेपालैतर्फ तत्क्षण ॥
(२१४)

(यात्राको अवधि – सन् १९९८ मार्च ९ देखि मार्च १६ सम्म)

शिक्षाका योजना हेर्न पूर्णदक्षिणमा सब ।
थाइल्याण्ड फिलिप्पिन्स भियत्नाम गयौँ तब ॥
(२१५)

थाइल्याण्ड घुम्यौँ केही शिक्षासंस्थानमा गई ।
मनिलामा गयौँ हेर्न ब्याङ्कक्‌बाट बिदा भई ॥
(२१६)

मनिलामा घुम्यौँ धेरै विद्यालय गईकन ।
शिक्षाविकास देखेर प्रसन्न अति भो मन ॥
(२१७)

सिबुद्वीप गयौँ हेर्न शिक्षाका क्षेत्रको गति ।
गरिन् स्वागत लाबेले घुम्यौँ विद्यालयै कति ॥
(२१८)

शिक्षाको योजना राम्रो देखियो र बिदा भई ।
उड्यौँ हनोइकातर्फ बाटो हङ्कङको लिई ॥
(२१९)

हनोइमा पुगी हामी केही थकितभैँ भयौँ ।
अर्को दिन उठी केही विद्यालयहरू गयौँ ॥

(२२०)

शिक्षाका क्षेत्रमा सुस्त विकासक्रम देखियो ।
स्रोतसाधनसम्पन्न राम्रो भविष्य जो थियो ॥

(२२१)

मन्त्रीका साथ भेटेर बिदाबारी भईकन ।
सिङ्गापुर भई फर्क्यौँ नेपालैतर्फ तत्क्षण ॥

(२२२)

(यात्राको अवधि – सन् १९९७ अगष्ट २३ देखि अगष्ट २९ सम्म)

सबैका लागि हो शिक्षा भन्ने नारा दिईकन ।
युनेस्कोले गर्‍यो भेला तासकन्द लगीकन ॥

(२२३)

विभिन्न देशका हामी एकै ठाउँ बसीकन ।
सबैका लागि हो शिक्षा भन्ने विषय लीकन ॥

(२२४)

दुई दिन चल्यो वार्ता प्रश्नोत्तर गरीकन ।
भेला समाप्त भो फर्कें तासकन्द घुमीकन ॥

(२२५)

(यात्राको अवधि – मिति २०५५ साल मङ्सिर २० गतेदेखि मङ्सिर २८ गतेसम्म)

बाह्रौँ पुस्तक हो मेरो लेखेँथेँ जीवनी जुन ।
अनुस्मृति भनी मैले गरेँथेँ त्यो प्रकाशन ॥

(२२६)

अबोध शिशु देखिन् ली ६७ सालका तक ।
सम्झेका घटना मैले लेखेको छु विनाधक ॥

(२२७)

गाईबाखा चराएका लेखबेसी र गाउँका ।
लेखेको छु सबै मैले सुखदुःख समग्रका ॥

(२२८)

घरैमा गुरु आमाले पिताजी अनि दाजुले ।
पढाउनु भयो पैले अति सौहार्द भावले ॥

(२२९)

गाउँकै पाठशालामा पढेँ संस्कृत दी मन ।
खार्पा दिङ्ला गएँ फेरि पढ्ने इच्छा भईकन ॥

(२३०)

काठमाडौँ गएँ पढ्न पढेँ इङ्लिश संस्कृत ।
शिक्षा पूर्ण भई मैले खाएँ सर्कारी जागिर ॥

(२३१)

त्यहींबाट गएँ पढ्न जपान र बिलायत ।
धेरै देश घुमेँ मैले भई प्रफुल्ल हर्षित ॥

(२३२)

यता जागिरका तर्फ भएँ सचिव आखिर ।
अवकाश लिई मैले पढैँ लेखैँ भई स्थिर ॥

(२३३)

सारांशमा यिनैबाट भरिएको अनुस्मृति ।
बाह्र वर्ष लगाएर लेखेको हो यथामति ॥

(२३४)

(लेखेकोमिति वि.सं. २०५६ सालदेखि वि.सं. २०६७ सालसम्म)

तेह्रौँ पुस्तक हो तीर्थयात्रा विविध तीर्थको ।
लेखेकोछु सुवृत्तान्त महिमादि समग्रको ॥

(२३५)

घुमैँ भारतका चारैधाममा म गईकन ।
धर्मपत्नी लिई धेरै थोरै नै मित्र लीकन ॥

(२३६)

वनारस गएँ पैले धर्मपत्नी लिईकन ।
गङ्गास्नान गरे पश्चात् गरेथ्यौँ शिवदर्शन ॥

(२३७)

मूर्ति मन्दिर काशीमा जुन विध्वंश देखियो ।
भई व्यथित अत्यन्त भावना तल पोखियो ॥

(२३८)

"फोर्‍यौ हाम्रो किन भवन यो शम्भुको ध्वस्त पारी ?
होला तिम्रो हित र कसरी धर्म हाम्रो बिगारी ?

सोझै हाम्रा घरहुँदि पस्यौ बाहिरी तत्त्व आई,
फोऱ्यौ सारै किन ? रिस गरी विश्वको धामलाई ॥"
(२३९)
"यौटै साझा घर छ यसमा देख्छु भाँजा परेको,
मान्छे उस्तै दुइतिर बसी देख्छु आँखा तरेको ।
देख्छौँ हामी वरिपरि सबै तारले बेरिएको,
किल्ला जस्तै सबल प्रहरी शस्त्रले घेरिएको ॥
के हो यस्तो ? अब भन ? तिमी शम्भुको धाम हो यो ?
पूजा गर्ने सहज कसरी ? युद्ध मैदान हो यो ॥
(२४०)
प्रयागमा गई स्नान त्रिवेणीमा गरीकन ।
गयातर्फ गयौँ हामी पिण्डदान दिनाकन ॥
(२४१)
(तीर्थयात्रा गरेका तीर्थहरू र यात्राको अवधि – काशी, प्रयाग, विन्ध्याचल र गया गएको मिति २०५२ साल पुस २९ गतेदेखि मिति २०२९ साल माघ ५ गतेसम्म)
जगन्नाथ गएँ एक्लै बालाजीमा गएँ अनि ।
रामेश्वर गएँथेँ म कन्याकुमारीमा पनि ॥
(२४२)
(तीर्थयात्रा गरेका तीर्थहरू र यात्राको अवधि – कलकत्तामा कालकी दर्शन, जगन्नाथ, तिरुपति बालाजी, रामेश्वरम्, कन्याकुमारी र काशीमा विश्वनाथ दर्शन गरेको मिति – २०५७ साल मङ्सिर १८ गतेदेखि मिति २०५७ साल पुस ७ गतेसम्म)
चौधौँ पुस्तक हो मैले पत्रैपत्र भनीकन ।
लेखेँ विदेशमा बस्ने छोराछोरीहरूकन ॥
(२४३)

छन्दोबद्ध सबै ती छन् हाम्रा संस्कार संस्कृति ।
इतिहास र भूगोल हाम्रो दर्शनपद्धति ॥

(२४४)

सबै नै कविता बाटै लेखेँ जानुन् भनीकन ।
अन्यथा मूलबाटै ती जान्छन् उच्छिन्न भैकन ॥

(२४५)

थोरै नै कविता दिन्छु धेरै उल्लेख गर्दिन ।
पत्रैपत्र पढेमात्रै बुझिन्छ काव्यचिन्तन ॥

(२४६)

"सानैदेखि भयौ परैपर तिमी यद्वा प्रवासी भयौ ।
माया मोह हटेर हो कि ! किन हो अत्यन्त टाढा गयौ ॥

(२४७)

हाम्रो यो परिवारको बुझ कथा सङ्घर्षको प्यारको ।
कस्को कारणबाट सिर्जन भयो यो स्वप्न संसारको ॥

(२४८)

जाला यौवन बाहिरैतिर बसी के काम गर्छौ पछि ?
हुन्छौ वृद्ध अशक्त जीर्ण बहुतै बेकार हौला पछि ॥

(२४९)

सारा यी कटुसत्यबाट सजिलै शिक्षा लिई सत्वर ।
छोडी मोह विदेशको अब तिमी फर्केर आऊ घर ॥"

(२५०)

छन्दोबद्ध सबै नै छन् पत्रैपत्रभरी सब ।
छोराका निम्तिमा लेखेँ उपदेश दिई तब ॥
(२५१)

तेह्र शीर्षक राखेर ज्ञानविज्ञानले भरी ।
सुदीर्घ कविता लेखेँ भित्रैसम्म छुने गरी ॥
(२५२)

मेरै जीवनको सारा सकी भ्रमणको क्रम ।
पत्रैपत्र भनी लेखेँ यही हो पत्र अन्तिम ॥
(२५३)

मुटुको ढुकढुकी यो हो मेरो वात्सल्यभावना ।
यो हो सारांशमा पुत्र ! पिताको शुभकामना ॥
(२५४)

(पत्रहरू लेखेको अवधि – मिति वि.सं. २०५७ साल असार १७ गतेदेखि मिति २०५८ साल वैशाख १ गते नववर्षसम्म)

पन्ध्रौँ पुस्तक आभास तीन खण्ड समग्रमा ।
आराधना भावना र पर्दछन् समवेदना ॥
(२५५)

भक्ति हो ईशको पैलो वेदान्तमय वस्तुतः ।
दोस्रो हो काव्यसंलाप साहित्य कविता युत ॥
(२५६)

श्रद्धाञ्जलि भयो तेस्रो खण्ड हो समवेदना ।
ब्रह्मलीन भएकामा ब्रह्मऐकत्व कामना ॥

(२५७)

उदाहरणका निम्ति गर्छु क्यै श्लोक उद्धृत ।
स्थाली पुलाककाद्धारा मिल्ला झल्को अवश्यत ॥

(२५८)

"भ्रमले भवमा बनी भ्रमी घुमिरेछौँ भयले ससम्भ्रम ।
सुख छैन यहाँ कहीँ कतै सब यो हो भुमरी भ्रमैभ्रम ॥"

(२५९)

"बिस्तारै नै जब अघि बढेँ भीडमा नै हराएँ ।
आमा सम्झेँ जति पर गएँ खूब रोएँ कराएँ ॥

(२६०)

हिँड्दाहिँड्दै वय पनि गयो भित्र आफैँ डराएँ ।
फर्कें आमा भ्रमण सकियो काखमै फेरि आएँ ॥"

(२६१)

"तनभाव गयो गयौ तिमी क्षणमै ब्रह्म भयौ सनातन ।
अहिले अति भक्तिभावले मनको गर्दछु पुष्प अर्पण ॥"

(२६२)

सोह्रौँ पुस्तक हो मेरो वन्दना पितृमातृको ।
यसमा खण्ड छन् चार श्रद्धासुमन पुत्रको ॥

(२६३)

मातापिता गुरुमाता जायामाता समेतमा ।
अतिभक्ति लिई मेरो भाव व्यक्त छ काव्यमा ॥

(२६४)

उदाहरण प्रत्येक खण्डबाट दिँदैछु म ।
श्लोक उद्धृत गर्ने छु झल्को मिल्ने छ ठान्छु म ॥

(२६५)

(माता)

"लामीडाँडा धवल हिमका शैलले घेरिएको,
खोलानाला सघन वनका पङ्क्तिले बेरिएको ।
बग्छिन् छ्यौमा हिमजल नदी दूधकी दूधकोशी,
आमाले झैँ अमृत पयले नित्य सन्तान पोसी ॥"

(२६६)

(पिता)

"लामीडाँडा सुगम अति नै सम्म धर्ती हुनाले,
लामीडाँडा गहन अति नै वृक्ष बाक्ला हुनाले ।
लामीडाँडा शिवतर सधैँ ब्रह्मवस्ती हुनाले,
लामीडाँडा प्रियतर सधैँ लेकबेसी हुनाले ॥"

(२६७)

(गुरुमाता)

"आमा थिइन् बालक बालिकाकी,
सन्मार्गगामी गुरु साधनाकी ।
सङ्कल्पकी सौष्ठव मूर्ति जस्ती,
बाला थिइन् झलमल दीपजस्ती ॥"

(२६८)

(जायामाता)

"सर्वोच्च शैलकै छेउ मेरो छ माइती घर ।
कुभिण्डे नामको गाउँ जो ब्रह्मस्थल सुन्दर ॥

(२६९)

इन्दिरा नाम हो मेरो लामीडाँडा थियो घर,
पतिको नाम हो सूर्य भट्टराई भयो थर ॥"

– आमा (लेखिका इन्दिरा)

(२७०)

सरस्वती थिइन् काकी आमाझैँ प्रेम गर्दथिन् ।
काका जानुभयो चाँडै विधवा भई बस्तथिन् ॥

(२७१)

आजीवन गरिन् सेवा विना स्वार्थ सुदुस्तर,
श्रद्धाञ्जलि म अर्पन्छु तिनलाई सधैँभर ॥

(२७२)

सत्रौँ पुस्तक हो मेरो पृथ्वीविजय काव्य हो ।
नेपाल राष्ट्रनिर्माता पृथिवी शाह नाम हो ॥

(२७३)

उनकै नाममा लेखेँ खण्डकाव्य भनी तब,
तल उद्धृत गर्नेछु दुई श्लोकहरू अब ॥

(२७४)

पृथ्वीले नै अतिशय दरो राष्ट्रको नीब हाले,
पृथ्वीले नै सकल जनको कर्मरेखा बसाले ।

पृथ्वीबाटै भुवनभरमा गोरखाली भनिन्छौँ,
पृथ्वीबाटै अतुल रणमा वीर योद्धा गनिन्छौँ ॥

(२७५)

"ठूलो दुःख गरी लडी जुन बने नेपालका सर्जक,
नेपाली भई बाँच्न यो मुलुकमा जल्ले दिलाए हक ।
जोडी हात दुवै बनी नत सधैँ राखेर आस्था अति,
श्रद्धापुष्प म गर्छु अर्पण लिउन् हाम्रा बडाभूपति ॥"

(२७६)

अठारौँ ग्रन्थ हो मेरो खोजी कवि सयौँ जना ।
मैले शतक लेखेँथेँ कविको गर्न अर्चना ॥

(२७७)

यसै पुस्तकबाटै नै एउटा श्लोक दिन्छु म ।
बाँकी कविहरू त्यस्मै पर्ने छन् भनी ठान्छु म ॥

(२७८)

"श्रीभानु आदिकवि हुन् अनि रामभक्त,
श्रीरामकै विषयमा मन दी सशक्त ।
लेखेर रामायण ती उदाए,
भाषा समुन्नत भयो जनता रमाए ॥"

(२७९)

काव्य उन्नाइसौँ मेरो कवितामञ्जरी छ यो ।
आमाबाबा दिदी काकी बहिनी दाजु नातिको ॥

(२८०)

छोरी छोरा बुहारी र भतिजी नातिनी अनि ।
मेरा र इन्दिराका छन् कविता काव्य जे पनि ॥

(२८१)

हाम्रा नै चार पुस्ताका कविता ली थरीथरी ।
प्रकाशित भएको छ कविता काव्यमञ्जरी ॥

(२८२)

लेखेर साध्य नै छैन पिताको श्लोक दीकन ।
स्थालीपुलाकको न्यायद्वारा गर्छु समर्पण ॥

(२८३)

"चिन्ता गर्नु वृथा छ शान्त मनले त्याग्नु ठुलो धर्म हो,
त्यागेरै पनि त्यागिने छ र कहाँ ? सब् मानसी भूल हो ।
ज्यादा लोभ र मोह हुन् विपदका दुर्भेद्य ढोकाहरू,
बस्नु पर्छ तटस्थ जित्न मनले यी मोहमायाहरू ॥"

(२८४)

यो बीसौँ ग्रन्थ हो मेरो अष्ट्रेलिया गएँ पुनः ।
यो हो दैनिकी लेखेको माथि छ अरू वर्णन ॥

(२८५)

ग्रन्थ एक्काइसौँ मेरो त्यो इन्दिरा स्मृति काव्य हो ।
सन्तप्त मन शान्त्यर्थ लेखिएको सुकाव्य हो ॥

(२८६)

पत्नी वियोगमा राजा अज व्यथित भै अति ।
भनेथेँ जे ममा मिल्छ त्यही लेख्तछु सम्प्रति ॥

(२८७)

"गृहिणी सचिवः सखी मिथः प्रियशिष्या ललिते कलाविधौ ।
करुणाविमुखेन मृत्युना हरता त्वां वद किं न मे हृतम् ।।"

– रघुवंशमहाकाव्य ८।६७

गृहिणी गृहलक्ष्मी हुन् साथी एकान्तकी तब ।
सल्लाहाकार शिष्या हुन् उनी जाँदा गयो सब ।।

(२८८)

थिएँ एघार वर्षीय थिइन् ती दश वर्षकी ।
विवाह अनजानैमा भयो पद्धति वैदिकी ।।

(२८९)

माइतीमा बसी हुर्की आइन् ठूली भई घर ।
अभिभारा सबै सुम्पी पढ्नलाई गएँ पर ।।

(२९०)

सकी पढाइको काम लोकसेवा लडी तर ।
भयो नियुक्ति रक्षामा गएँ शा.अ. भई घर ।।

(२९१)

छोरी र इन्दिरा ल्याएँ मैले सहरमा जब ।
घरबार बस्यो जन्मे छोरा छोरी अरू तब ।।

(२९२)

सूर्यप्रसादको नाम साटो शरदले लियो ।
इन्दिरा नाम लालीको लक्ष्मीको सरिता भयो ।।

(२९३)

सविता नामकी कान्छी छोरी छोराहरू त्रय ।
पैलो सञ्जीव दोस्रो हो सतीश युग्म निर्भय ॥

(२९४)

कान्छो सगुन हो छोरो यसरी परिवारले ।
भयौँ आकण्ठ चुर्लुम्म दम्पती व्यवहारले ॥

(२९५)

वेदान्तमय यो काव्यबाट क्यै श्लोक दीकन ।
सक्छु लौकिक साहित्यतर्फको गर्न वर्णन ॥

(२९६)

"जागीरमा दिन पुगी अवकाश पाई,
घुम्थ्यौँ सँगै सकल तीर्थहरू रमाई ।
वेदान्त शास्त्र र पुराण सधैँ सुनेर,
बस्थ्यौँ सबै क्षणिक हुन् मनले गुनेर ॥

(२९७)

सद्ब्रह्म चिन्तन गरी जपि राम नाम,
बस्थ्यौँ अकिञ्चन भई भुलि बाह्य काम ।
यै बीचमा निठुर काल सुटुक्क आई,
आधा गरीकन लग्यो प्रिय अङ्गलाई ॥

(२९८)

संसार हो भयद जन्म र मृत्युपूर्ण,
जन्मेर फेरि यसभित्र हुँदैन पर्न ।

तस्मात् तिमी अभय ब्रह्म भएर तर्नु,

इच्छा पुनर्मिलनको कहिल्यै नगर्नु ॥

(२९९)

मैले लेखेँ विरह कविता शोकका श्लोक लाग्ने ।

यी हुन् गैह्रा श्रुतिमय सबै भित्रको शोक मास्ने ॥

(३००)

मैले लेखेँ जति पनि यहाँ वेदको सार यो हो,

बुझ्नेलाई अभयतर हो मुक्तिको द्वार यो हो ।

बुझ्नैलाई कठिन तर यो ब्रह्मवेदान्तसार,

बुझ्नेलाई सहज यसले लान्छ भूसिन्धुपार ॥"

(३०१)

अहिलेसम्म लेखेको साहित्य ग्रन्थसार हो ।

अब लेख्तछु वेदान्त यही नै मुक्तिसार हो ॥

(३०२)

ग्रन्थसार

मोक्षसाध्य

अद्वैत वेदान्त उत्तरपीठिका

उत्तरार्ध भने साध्य वेदवेदान्त सार हो ।
साक्षात् हो मुक्तिको हेतु ब्रह्मज्ञान अपार हो ॥

बाइसौँ ग्रन्थ हो मेरो ज्ञानभक्तिसमन्वितः ।
हुन्न ज्ञान विना भक्ति यै हो शङ्करको मत ॥

(१)

श्रीमद्भागवतैबाट भीष्मस्तुति लिईकन ।
अन्त्यमा गर्दछु अन्त्य वेदस्तुति दिईकन ॥

(२)

धेरै नै श्लोक छन् यस्मा धेरै दिन असम्भव ।
भगवद्भक्तका लागि केही दिन छ सम्भव ॥

(३)

उदाहरणका लागि श्लोकका अनुवादन ।
यहाँ उद्धृत गर्नेछु बुझ्नुहोला भनीकन ॥

(४)

"मेरो यो बुद्धिमा तृष्णा छैन सारै विशुद्ध छ,
यो बुद्धि कृष्णमा लागोस् कामना यतिमात्र छ ।
राखी अधीनमा माया स्वेच्छाले तल आउँछौँ,
भगवन्! खेलझैँ सारा सृष्टि-चक्र चलाउँछौँ ॥"

– भीष्मस्तुतिबाट उद्धृत ।

(५)

"ती हुन् अद्वय शुद्ध चिन्मय उनै संवेद्य विश्वात्मक,
जस्मा कारण कार्य या प्रकृतिको देखिन्न किञ्चित् हक ।

पाई आश्रय नाथको स्वतनको त्यागेर माया पनि,

मायाबाट हटेर यो अनुशयी बस्ने बनी निर्गुणी ।।"

– वेदस्तुतिबाट उद्धृत

(६)

तेइसौँ ग्रन्थ हो मैले गरेको अनुवादन ।

रसको रास हो रास पञ्चाध्यायी छ यो जुन ।

(७)

आत्माको खेल हो रास आफ्नै वृत्तिहरूसित ।

खेलेको बुझ्नका लागि गर्नेछु श्लोक उद्धृत ।।

(८)

"जस्तै कुनै बालक खेल्छ दी मन,

छाया स्वयंका सँगमा भुलीकन ।

त्यस्तै गरी कृष्ण स्ववृत्तिका सँग,

खेले स्वयं नै भगवान् स्वयं सँग ।।"

– रासपञ्चाध्यायीबाट उधृत

(९)

चौबीसौँ ग्रन्थ हो माला मणिरत्न भनीकन,

आद्य शङ्करले लेखे प्रश्न उत्तर दीकन ।

तल उद्धृत गर्दैछु एउटा श्लोक हो जुन,

समच्छन्द लिई मैले गरेथैँ अनुवादन ।।

(१०)

संसार नास्ने कुन हो ? श्रुतिजन्यबोध,
हो मोक्षको कारण के ? प्रबोध ।
के नर्कको कारण ? हो अविद्या,
के स्वर्गहेतु ? जीवको अहिंसा ॥

(११)

पच्चीसौँ ग्रन्थ हो मेरो श्रीकृष्णाय वयन्नुमः ।
श्रीमद्भागवतैबाट 'जन्माद्य' श्लोक लीकन ॥

(१२)

अनुवाद गरेको छु त्यसको गर्छु उद्धृत ।
त्यो ब्रह्मसूत्रको दोस्रो सूत्र हो बुझ्नु वस्तुतः ॥

(१३)

"जो सत् अन्वय कार्यमा इतरमा टाढा भई बस्तछ,
जल्ले ज्ञान दियो ती आदि कविमा विद्वान् सधैँ छक्क छ ।
सारा भास्तछ सृष्टि सत्य सरिभै सम्पूर्ण सत्ता उही,
माया गर्दछ नाश चित्स्वरूपले सत्यं परं धीमहि ॥"

(१४)

छब्बीसौँ ग्रन्थ हो मेरो जो अन्तिमोपदेश हो ।
दिए ऋषभले ज्ञान आफ्ना नै पुत्रनिम्ति हो ॥

(१५)

श्रीमद्भागवतैबाट एक श्लोक लिईकन ।
तल उद्धृत गर्दैछु गरेर अनुवादन ॥

(१६)

"हे छोरा हो ! देह नृको अलभ्य भोग्नैलाई हैन यो देह लभ्य ।
त्यसैले नै बुद्धि पारेर शुद्ध गर्छौ प्राप्ति ब्रह्म आनन्द पुत्र ॥"

(१७)

ग्रन्थ सत्ताइसौँ मेरो अजातवाद हो जुन ।
माडूक्यकारिकाबाटै भएको अनुवादन ॥

(१८)

माण्डूक्योपनिषद्बाटै सार मात्रै लिईकन ।
श्रीगौडपादको नै हो कारिका दिव्य सिर्जन ॥

(१९)

समान छन्दमा मैले गरेको अनुवाद हो,
तल उद्धृत गर्दैछु जिज्ञासुका निमित्त हो ॥

(२०)

"जो आदि अन्तमा हुन्न हुँदैन अहिले पनि ।
मिथ्या पदार्थ देखिन्छन् व्यर्थमा सत्यझैँ बनी ॥"

(२१)

यो हो अट्ठाइसौँ ग्रन्थ सारमा अवतर्णिका ।
लेखेँ भागवतैबाट श्रीधरी अवतर्णिका ॥

(२२)

श्रीधरी नै लिई मैले समान छन्दमा सब ।
अनुवाद गरेको हुँ जिज्ञासु निम्तिमा तब ॥

(२३)

त्यसैबाट म गर्दैछु दुइटा श्लोक उद्धृत ।
जिज्ञपाठकका लागि ग्राह्य बन्ने छ तत्त्वतः ॥

(२४)

“पैलोमा मुनिले प्रश्न ६ ओटा गर्दछन् तर ।
दोस्रोमा प्रश्न चाडाका सूत दिन्छन् समुत्तर ॥

(२५)

अवतार कथा प्रश्न तेस्रोमा हुन्छ सुन्दर ।
चरित्र ईशको सारा कथा सङ्क्षिप्त उत्तर ॥”

(२६)

यो हो उनन्तीसौँ ग्रन्थ अपरोक्षाऽनुभूति तर ।
अनुवाद भएको छ प्रणेता आद्य शङ्कर ॥

(२७)

यो हो वेदान्तसंवेद्य ब्रह्मज्ञानार्थ वस्तुतः ।
यसबाट म गर्दैछु तीनोटा श्लोक प्रस्तुत ॥

(२८)

“अपरोक्षाऽनुभूति ग्रन्थ हुन्छ यो मोक्षकारण ।
म ठान्दछु सधैँ पढ्लान् श्रद्धाका साथ सज्जन ॥

(२९)

स्ववर्णाश्रम सद्धर्मद्वारा ईश्वरपूजन ।
गरेमा बन्दछन् प्राप्त चारोटै मोक्षसाधन ॥

(३०)

जसरी काकविष्टामा घृणा हुन्छ सधैँभर ।
त्यस्तै विषयमा राख्नू विरक्तिपन सुस्थिर ॥"

(३१)

तीसौँ हो ग्रन्थ यो मेरो अष्टावक्रगीता जुन ।
अष्टावक्र र राजाको संवाद हो सुचिन्तन ॥

(३२)

समान छन्दमा यस्को भएको अनुवादन ।
दिँदैछु दुइटा श्लोक बुझ्नुहोला दिई मन ॥

(३३)

"पढ वा सुन हे राजन् ! नानाशास्त्र थरीथरी ।
न बिर्सीकन यी सारा मुक्ति हुन्न कसैगरी ॥

(३४)

उपदेशक हुन् तिम्रा ब्रह्माविष्णु महेश्वर ।
नबिर्सीकन यी सारा मुक्ति हुन्न कसैगर ॥"

(३५)

एकतीसौँ भयो गीता अवधूत विनिर्मित ।
अनुवादनका गर्छु तीनोटा श्लोक उद्धृत ॥

(३६)

"आत्मा नै मात्र यौटा छ अभेद भेदशून्य छ ।
छ छैन कसरी भन्नु ? सबै आश्चर्य लाग्दछ ॥

(३७)

सर्वरूप म यौटा हुँ व्योम जस्तै छु सर्वतः ।
म आत्मा कसरी जानौँ ? प्रत्यक्ष वा तिरोहित ॥

(३८)

जन्ममृत्यु र बन्धादि शुभाशुभ सबै मन ।
नामरूप कुनै हाम्रा हैनन् रुन्छौ तिमी किन ? ॥"

(३९)

बत्तीसौँ ग्रन्थ वेदान्त द्रष्टा र दृश्य नामतः ।
लेखेँ मुमुक्षुका निम्ति बुझुन् भनेर तत्त्वतः ॥

(४०)

द्रष्टा र दृश्यको खेल यो चराचर हो सब ।
द्रष्टा चेतन सद्ब्रह्म मिथ्या हो दृश्य यो सब ॥

(४१)

द्रष्टा र दृश्यको दिन्छु तीनोटा श्लोक यी तल ।
स्थालीपुलाकन्यायैले बुझेर बन निर्मल ॥

(४२)

"मनुष्यको मनै मुख्य हो बन्धमोक्षकारण ।
बन्ध हो विषयासक्त मोक्ष निर्विषयी मन ॥

(४३)

ज्ञानी हुँ जसले भन्छ त्यो ज्ञानी हैन वस्तुतः ।
म ज्ञानी हैन जो भन्छ त्यही हो ज्ञानी तत्त्वतः ॥

(४४)

ब्रह्म जान्दछु जो भन्छ जान्दैन अज्ञ हो स्वतः ।
ब्रह्म जान्दिन जो भन्छ त्यल्ले जान्दछ अन्ततः ॥"

(४५)

तेत्तीसौँ ग्रन्थ हो मेरो महावाक्य महत्त्वका ।
धेरै नै छन् महावाक्य चारवेद समस्तका ॥

(४६)

यी महावाक्य हुन् हेतु कैवल्यमुक्तिका सदा ।
मुमुक्षु जनका लागि श्रवणीय यी सर्वदा ॥

(४७)

अभयं (वै) जनक प्राप्तो (ऽसि) महावाक्य सुनेपछि ।
'अहं ब्रह्मास्मि'को बोध होला मनन (निदिध्यासन) का पछि ॥

(४८)

एउटा श्लोक ज्ञानार्थ तल उद्धृत गर्दछु ।
ब्रह्मज्ञान यसैबाट हुने छ भनी ठान्दछु ॥

(४९)

"मुमुक्षुले महावाक्य मोक्षार्थ सुन्नु पर्दछ ।
महावाक्य स्वशाखाका वेदकै हुनुपर्दछ ॥"

(५०)

चौतीसौँ ग्रन्थ वेदान्तचम्पू नाम दिईकन ।
गद्यपद्य दुवै राखी भएको छ प्रकाशन ॥

(५१)

निबन्ध छन् दशोटा ती बन्ध र मोक्ष आदिक ।
आठोटा पद्यका तर्फ कविता छन् लयात्मक ॥

(५२)

गद्यको दिइनै साध्य हुँदैन तर पद्यको ।
एउटा श्लोकमात्रै नै दिनेछु ग्रन्थ भित्रको ॥
(५३)

"द्रष्टा र दृश्य दुइटै सँगमा मिलेर,
जीवत्व बन्दछ खडा म अहं बनेर ।
हो ब्रह्म जीव तर ली जडको उपाधि,
संसारमा भ्रमण गर्दछ भै प्रमादि ॥"
(५४)

पैतीसौँ ग्रन्थ अध्यास चतुःसूत्री लिईकन ।
गरेँथेँ भामतीबाट सार ली सूक्ष्म लेखन ॥
(५५)

अध्यास पहिले लेखेँ शाङ्करभाष्यसाथमा ।
चतुःसूत्री दिएँ सार चारैमा ब्रह्मसूत्रमा ॥
(५६)

जिज्ञासा ब्रह्मको हुन्न अध्यासै नबुझीकन ।
चार सूत्र दिई लेखेँ अध्यास त्यसकारण ॥
(५७)

छत्तीसौँ ग्रन्थ अध्यास लेखेँ विस्तृतरूपमा ।
शाङ्करभाष्यका साथै भामती पूर्णरूपमा ॥
(५८)

स्वा. रामानन्दको पाएँ आशीर्वादाख्य लेखन ।
यो पठनीय छ अध्यास स्वरूपको विवेचन ॥
(५९)

यो आध्यासिक हो सारा रज्जुमा सर्प देखिनु ।
सर्प देखिन्छ आधेय आधार रज्जु छोपिनु ॥

(६०)

तादात्म्याध्यासका साथ स्वरूपाध्यास भैकन ।
जीवभाव खडा हुन्छ मिलेर जडचेतन ॥

(६१)

यथार्थरूपमा जान्न कारिका ब्रह्मसूत्रमा ।
सुरुमा नै दिएको छु पढौँ सम्पूर्णरूपमा ॥

(६२)

सैतीसौँ ग्रन्थ लेखेँथेँ गरेर अनुवादन ।
वेदान्त परिभाषा र वेदान्तसार लीकन ॥

(६३)

नपढी यी दुवै ग्रन्थ वेदान्त बुझ्न दुष्कर ।
यी पढे ब्रह्मसूत्रादि बुझिइन्छ सरासर ॥

(६४)

अठतीसौँ भयो ग्रन्थ गरेको अनुवादन ।
अद्वैतसिद्धिको पैलो खण्ड नाम दिईकन ॥

(६५)

अति नै बुझ्न गाह्रो छ भाषा र विषयै दुवै ।
मैले कष्ट गरी लेखेँ मिहिनेत गरी खुबै ॥

(६६)

मधुसूदन स्वामीले व्यासराजादिले जुन ।
गर्दै विरोध अद्वैत, लेखे ग्रन्थ अनेकन ॥
(६७)
गर्दै खण्डन साराको गर्दै अद्वैतमण्डन ।
अद्वैतसिद्धि यो ग्रन्थ झुल्कियो सूर्य भैकन ॥
(६८)
मिथ्या प्रपञ्च नै सत्य मान्ने त्यो माध्वको मत ।
तर्क, वैदिक सिद्धान्तद्वारा भाको छ खण्डित ॥
(६९)
गरी प्रपञ्चमिथ्यात्व सिद्धान्त प्रतिपादन ।
अद्वैतसिद्धि स्वामीको भएको छ प्रकाशन ॥
(७०)
चूडान्तग्रन्थ अद्वैत नपढी नबुझीकन ।
वेदान्त बुझ्न गाह्रो छ टपर्टुय्याँ भईकन ॥
(७१)
उनन्चालीस फेरि त्यो अद्वैतसिद्धि नामतः ।
द्वितीयखण्ड भाको छ प्रकाशन स्वरूपतः ॥
(७२)
प्रत्यक्षन्याय प्राबल्य सबैको पूर्ण खण्डन ।
गरी अद्वैतसिद्धान्त गरेका प्रतिपादन ॥
(७३)

पहिलो खण्डमा जस्तै यसमा पनि तत्त्वतः ।
परिच्छेदहरू भिन्नै यौटै सिद्धान्त वस्तुतः ॥

(७४)

अद्वैतसिद्धि यो ग्रन्थ द्वैतीद्वारा प्रदूषित ।
अद्वैतमतको पूर्ण स्थापना गर्न वस्तुतः ॥

(७५)

चालीसौँ ग्रन्थको सार यो ब्रह्मसूत्रसार हो ।
अन्तमा सूत्रसाराको अर्थ बुझ्न निम्ति हो ॥

(७६)

विषय संशयै राखी पूर्व उत्तर सङ्गति ।
अधिकरणमा लेखेँ अटाई सूत्र अर्थ ती ॥

(७७)

मुमुक्षुजनका निम्ति सजिलो बुझ्न होस् भनी ।
अति सङ्क्षेपमा स्पष्ट लेखिएको छ यो पनि ॥

(७८)

एकचालीस यो ग्रन्थ उपनिषत् ती समग्र छन् ।
पर्छन् उपनिषत् सारा तिनका सूक्ष्मसार छन् ॥

(७९)

जस्को संस्कृतमा छैन बुझ्न सक्ने कुनै गति ।
तिनकै लागि हो सार लेखिएको यथाथमति ॥

(८०)

बयालीसौँ भयो ब्रह्म साक्षात्कार भनीकन ।
'अध्यास'बाट लेखेर 'वेदान्त'मा समापन ॥

(८१)

यसमा प्राप्य हो ब्रह्म प्राप्यसाधन भक्ति हो ।
साध्य साधनले युक्त यो ग्रन्थ मुक्ति निम्ति हो ॥

(८२)

निबन्धग्रन्थ हो पैलो तेत्तीस रचनायुत ।
मुमुक्षुजनका लागि पठनीय छ वस्तुतः ॥

(८३)

त्रिचालीसौँ भयो ग्रन्थ परमसत्य नामतः ।
यसमा छन् समाविष्ट श्रीमद्भागवतोदित ॥

(८४)

'अज्ञान'बाट थालेर 'सृष्टि'सम्म पुगीकन ।
तेत्तीस लेखले युक्त निबन्ध ग्रन्थ हो पुनः ॥

(८५)

मुमुक्षुजनले ब्रह्म साक्षात्कारार्थ साधन ।
पढी परमसत्याख्य गर्नू मनन चिन्तन ॥

(८६)

चवालीसौँ भयो ग्रन्थ ब्रह्मविद्या सनातन ।
निबन्धग्रन्थ हो तेस्रो मोक्षका लागि साधन ॥

(८७)

‘वेदवेदान्त’बाटै यो गरेर सुरु लेखन ।
‘अन्तको प्रार्थना’ लेखी यस्को मुन्छ समापन ॥

(८८)

मुमुक्षुजनका निम्ति लेखेको हो गरी श्रम ।
अवश्य पढ्नुहोला यो मोक्षका लागि भन्छु म ॥

(८९)

पैतालीसौँ भयो ग्रन्थ पराविद्या छ नामतः ।
निबन्धग्रन्थ चौथो हो लेख छन् वेदसम्मत ॥

(९०)

‘अद्वैतवाद प्रस्थान’ पैलो गरेर लेखन ।
अन्तमा ‘ज्ञान’ ‘प्रारब्ध’ लेखी हुन्छ समापन ॥

(९१)

यो हो ग्रन्थ पराविद्या अक्षर ब्रह्मज्ञापक ।
मुमुक्षु जनका निम्ति हेतु हो मोक्षप्रापक ॥

(९२)

परा र अपरा विद्या वेदले पनि भन्दछ ।
अपरा कर्मका लागि परा मोक्षार्थ बन्दछ ॥

(९३)

छ्यालीसौँ छ यो ग्रन्थ बृहदारण्यसम्मत ।
मुमुक्षु जनका निम्ति पठनीय छ शास्त्रतः ॥

(९४)

'औपनिषद' हो पैलो पश्चात् पुरुष तत्त्वतः ।
भन्ने नाम दिई लेखेँ पाँचौँ निबन्ध ग्रन्थतः ॥

(९५)

'अकर्मकम्' भयो पैलो 'ज्ञानविज्ञान' अन्तिम ।
त्रिपन्न लेख यी सारा मोक्षाकरण ठान्छु म ॥

(९६)

वेदान्तै नबुझी जल्ले गरी शास्त्रार्थ हिँड्दछ ।
अज्ञको पतनै हुन्छ शाकल्यतुल्य बन्दछ ॥

(९७)

त्यसै कारण यो ग्रन्थ ब्रह्मज्ञानार्थ नै पढौँ ।
माया मोह सबै त्यागी मुक्तिका मार्गमा बढौँ ॥

(९८)

सतचालीसौँ यो ग्रन्थ छैटौँ निबन्ध ग्रन्थ हो ।
'ऋते ज्ञानान्न मुक्तिः' यो मन्त्रतः वेदवाक्य हो ॥

(९९)

'अनुवदनदेखिन्' ली 'ये के चात्महनो जनाः' ।
भन्ने पचास छन् यस्मा पठनीय निबन्धमा ॥

(१००)

निबन्धग्रन्थ मध्येमा महत्त्वपूर्ण अन्तिम ।
कलेवरसँगै ज्ञान दुवैले ठान्छु उत्तम ॥

(१०१)

गद्यलेखनका साथै गद्यपद्यहरू गरी ।
मौलिकग्रन्थका साथै लेखेँ ग्रन्थ थरी थरी ॥

(१०२)

गद्यपद्य दुवैको नै गरेर अनुवादन ।
जिज्ञासुजनका निम्ति गरेको छु प्रकाशन ॥

(१०३)

अब अन्तिममा लाग्छु कारिका सार लेखन ।
नेपाली पहिले पश्चात् संस्कृत अनुवादन ॥

(१०४)

कारिकारचना पैले उपनिषत्सार लेखियो ।
आधार त्यसकै मानी कारिका पछि लेखियो ॥

(१०५)

अठचालीस यो ग्रन्थ सबै उपनिषत् युतः ।
त्रयीप्रस्थानमा यो नै मानिन्छ मुख्य तत्त्वतः ॥

(१०६)

श्रुतिप्रस्थान मूर्धन्य गुरुबाट सुनीकन ।
पढी शङ्करको भाष्य गर्नू मनन चिन्तन ॥

(१०७)

मङ्गलाचरणैबाट ग्रन्थारम्भ भयो जुन ।
धेरै आन्तरवार्तामा ऊहापोह छ मन्थन ॥

(१०८)

संवादात्मक शैलीमा कारिका छ निबद्ध यो ।
गुरुशिष्य दुवैको नै छ प्रश्नोत्तरयुक्त यो ।

(१०९)

पहिलो खण्डमा आयो भूमिका कारिकामय ।
द्वितीयखण्डमा आए उपनिषत्हरू निर्भय ॥

(११०)

ईशोपनिषदैबाट कारिका गरी लेखन ।
बृहदारण्यकै साथ यस्को हुन्छ समापन ॥

(१११)

प्रारम्भदेखि नै लेखें अनुष्टुप् छन्द लीकन ।
लयबद्ध गरी पढ्न सकिन्छ अनि गाउन ॥

(११२)

'ईशावास्यमिदम्'को नै अनुवाद गरीकन ।
कारिका सुरु भो लेख्न ईशकै सब हो धन ॥

(११३)

सबै उपनिषद्बाट एकेक कारिका लिई ।
तल उद्धृत गर्नेछु मन यो ब्रह्ममा दिई ॥

(११४)

१. ईशोपनिषद्बाट –

ईशैबाट छ आच्छाद्य जानेर ईशकै सब ।
अरूका धनमा लोभ नगर्नु त्याग्नु ती सब ॥

(११५)

२. केनोपनिषद्‌बाट –

जानिन्न ब्रह्म जो भन्छ त्यल्ले जान्दछ निश्चित ।
जानिन्छ जसले भन्छ त्यल्ले जान्दैन निश्चित ॥

(११६)

३. कठोपनिषद्‌बाट –

यो ब्रह्म तर्ककाद्वारा जान्नलाई असम्भव ।
श्रोत्रिय ब्रह्मविद्‌द्वारा सुनेमा जान्न सम्भव ॥

(११७)

४. प्रश्नोपनिषद्‌बाट –

मन त्यो जुन वेलामा तममा लीन बन्दछ ।
त्यै हो सुषुप्तिको वेला वेदले स्पष्ट भन्दछ ॥

(११८)

५. मुण्डकोपनिषद्‌बाट –

विद्या हुन् अपरा वेद ऋक् आदि कर्ममा रत ।
परा हो अक्षरब्रह्म जो ज्ञान दिन्छ तत्त्वतः ॥

(११९)

६. माण्डूक्योपनिषद्‌बाट –

एकात्मप्रत्ययै सार अद्वैत शिव शान्त हो ।
तुरीय तत्त्व चित् आत्मा साक्षी सत् जान्न योग्य हो ॥

(१२०)

७. ऐतरेयोपनिषद्बाट –

'प्रज्ञानं ब्रह्म' हो सच्चित् ऋग्वेद श्रुतिवर्णित ।
प्रज्ञा नै ब्रह्म हो भन्ने बुझ्नु पर्दछ तत्त्वतः ॥

(१२१)

८. तैत्तिरीयोपनिषद्बाट –

त्यो ब्रह्म जान्न गाह्रो छ कसले जान्न सक्तछ ?
जहाँबाट मनैसाथ वाणी फर्केर आउँछ ॥

(१२२)

९. श्वेताश्वतरोपनिषद्बाट –

ब्रह्मको महिमा जानी ब्रह्मज्ञान गरीकन ।
दुश्चक्रबाट भै पार हुन्छन् ब्रह्म सनातन ॥

(१२३)

१०. छान्दोग्योपनिषद्बाट –

तिम्रो आत्मा त्यही सत् हो सत् आत्मा हौ परात्पर ।
'तत् त्वम् असि' महावाक्य बुझेर आत्मसात् गर ॥

(१२४)

११. बृहदारण्यकोपनिषद्बाट –

'अभयब्रह्म हौ' भन्ने उपदेश भईकन ।
'अहं ब्रह्मास्मि'को बोध भयो जनकजीकन ॥

(१२५)

उनन्चासौँ छ यो ग्रन्थ कारिका उपनिषद् जुन ।
नेपालीबाट यो पूर्ण संस्कृत अनुवादन ॥

(१२६)

अनुवादक डा.लक्ष्मी यसका हुन् ठुला कवि ।
म गर्दछु नमस्कार यिनी हुन् कविमा रवि ॥

(१२७)

यसमा धेर के लेखूँ ? संस्कृत श्लोक दीकन ।
यसको सार सङ्क्षेप लेखी गर्छु समापन ॥

(१२८)

"ईशच्छाद्यं जगत् सर्वं जगदीशस्य बोध्यताम् ।
अतो लोभो न कर्तव्यः परस्य धनसम्पदि ॥"

(१२९)

पचासौँ ग्रन्थ हो मेरो कारिका ब्रह्मसूत्रको ।
प्रस्थानत्रयी मध्येमा यो हो ग्रन्थ महत्त्वको ॥

(१३०)

न्यायप्रस्थानमा पर्छ पढ्न बुझ्न असम्भव ।
गुरुबाट सुनेमा नै यो बुझ्न हुन्छ सम्भव ॥

(१३१)

तीनै प्रस्थान छन् सारै बुझ्न दुर्गम दुस्तर ।
तीमध्ये न्यायप्रस्थान ब्रह्मसूत्र सुदुस्तर ॥

(१३२)

शाङ्करभाष्यका साथ भामत्यादि पढेपछि ।
गुरुप्रसादले मिल्ला ब्रह्मज्ञान निकै पछि ॥
(१३३)

कारिका लेख्नुका पैह्ले शाङ्करभाष्यका सित ।
ब्रह्मसूत्र पढें मैले अनेकौँ पल्ट अर्थतः ॥
(१३४)

'अथातो ब्रह्म जिज्ञासा' सूत्र नै नपुगीकन ।
गरे शङ्करले पैले अध्यासभाष्य सिर्जन ॥
(१३५)

त्यसैकारण अध्यास नपढी नबुझ्झीकन ।
हुँदैन ब्रह्मजिज्ञासा हुँदैन ब्रह्मचिन्तन ॥
(१३६)

द्वैती समुच्चयी निम्ति देखिन्छन् सूत्र वस्तुतः ।
कैवल्य मोक्षका निम्ति देखिन्नन् सूत्र तत्त्वतः ॥
(१३७)

एकाउन्नौँ भएको छ संस्कृतअनुवादन ।
एउटा श्लोक यो दिन्छु उदाहरण लीकन ॥
(१३८)

"सत्यं ज्ञानमनन्तं तत् स्वरूपं ब्रह्मलक्षणम् ।
जन्मादि नाशपर्यन्तं तटस्थं ब्रह्मलक्षणम् ॥"
(१३९)

बाउन्नौँ ग्रन्थमा पर्छ शारीरसारसङ्ग्रह ।
यौटा निमित्त मात्रै हुँ हरिकै हो अनुग्रह ॥
(१४०)

सर्वज्ञात्ममुनिबाटै प्रसाद प्राप्त भैकन ।
लेखें यो ग्रन्थ सङ्क्षेपशारीरसार लीकन ॥
(१४१)

चौध पृष्ठ छ सानोमा छ सौ त्रिसट्ठीसम्मका ।
साना ठूला सबै लेखें ग्रन्थ गद्य र पद्यका ॥
(१४२)

सिर्जना कसरी मेरो ग्रन्थ भो कत्ति जान्दिन ।
म हुँ सर्जक वा कर्ता भनेर पनि मान्दिन ॥
(१४३)

प्रतिबिम्ब सँगालेर जसरी बस्छ दर्पण ।
ब्रह्मकै सृजना सारा ब्रह्ममै नै समर्पण ॥
(१४४)

समर्पण लिई यस्कै केही श्लोक दिईकन ।
सबै नै ग्रन्थको सार समाप्त गर्छु लेखन ॥
(१४५)

“कञ्चित् शारीर सङ्क्षेपात् कञ्चिच्च सारसङ्ग्रहात् ।
सारं सारं समुद्धृत्य ग्रन्थोऽयं सुविनिर्मितः ॥”
(१४६)

मम किञ्चित्क्वचिन्नास्ति प्राप्तं गुरुप्रसादतः ।
सङ्ग्रस्यार्पणं कुर्वे सर्वज्ञात्ममुनिं प्रति ।।

(१४७)

"बहु निगद्य किमत्र वदाम्यहं शृणुत सङ्ग्रहमद्वयशासने ।
सकलवाङ्मनसातिगता चितिः सकलवाङ्मनसव्यहारभाक् ।।

– सङ्क्षेपशारीरकम् १।३३१

(१४८)

बहवो गुरवो ह्यासन् तेषां पद्मस्तथानिधिः ।
मातापिता तथा बाला तेभ्यो नमामि सर्वशः ।।

(१४९)

उपसंहार

अन्त्यमा सारमा लेख्छु तीर्थयात्रादि वर्णन ।
लेख्नेछु कसरी कैले गरेँ वेदान्त लेखन ।।

(१५०)

युवा छात्र हुँदै पाई निम्तो भारतको स्वतः ।
घुमेँथेँ छात्रछात्राका साथ सम्पूर्ण भारत ।।

(१५१)

विना ज्ञान गरी आएँ केही तीर्थादि दर्शन ।
सम्झना तिनको छैन गर्न सक्तिन वर्णन ।।

(१५२)

सर्कारी पदमा बस्तै धर्मपत्नी लिई जब ।
काशी प्रयागका साथै गया विन्ध्या गएँ तब ॥

(१५३)

अवकाश लिएपश्चात् मायापुरी गईकन ।
एक्लै गएँ जगन्नाथ बालाजी गर्न दर्शन ॥

(१५४)

रामेश्वर गएँ सोझै कन्याकुमारी गैकन ।
नेपाल फर्किएँथेँ म वाराणसी भईकन ॥

(१५५)

पढेँ वेदान्त विद्या जो थालेँ त्यै गर्न लेखन ।
साथैमा धर्मपत्नी ली तीर्थ जाने भयो मन ॥

(१५६)

सप्ताह र चतुर्मासा सुनी भागवती कथा ।
हिँडेथ्यौँ तीर्थयात्रामा नास्न नै मनको व्यथा ॥

(१५७)

उडेर पहिले हामी वाराणसी पुगीकन ।
गङ्गास्नान गर्‍यौँ विश्वनाथ दर्शन पूजन ॥

(१५८)

एक साता बसी पाठ गरी भागवतादिक ।
द्वारकातर्फ लागेथ्यौँ चढेर ट्रेन छक्छक ॥

(१५९)

द्वारकानाथको पैले गरी दर्शनपूजन ।
गएथ्यौँ रुक्मिणीकृष्ण भेट (द्वारिका) मा गर्न दर्शन ॥
(१६०)

प्रभासमा गयौँ सोमनाथको गर्न दर्शन ।
गयौँ पुष्करमा हामी गर्‍यौँ स्नान र पूजन ॥
(१६१)

त्यताबाट चढी यान वृन्दावन गईकन ।
यमुनास्नानका पश्चात् घुम्यौँ गाइड लीकन ॥
(१६२)

कृष्णका जति छन् लीला क्रीडा स्थलहरू सब ।
घुम्यौँ सद्भक्तिका साथ ठानी कृष्णमहोत्सव ॥
(१६३)

गोवर्धन गयौँ हामी वर्षाना (राधाको) माइती गयौँ ।
कृष्णलीलास्थली टेकी कृतकृत्य दुवै भयौँ ॥
(१६४)

मथुराकृष्णजन्मेको भूमिको गरि दर्शन ।
मथुरानाथको पूजा गर्‍यौँ मन्दिर गैकन ॥
(१६५)

मथुरा साथ सङ्क्षिप्त वृन्दावन घुमीकन ।
वाराणसी गयौँ हामी शम्भुको गर्न दर्शन ॥
(१६६)

त्यताबाट उडी हामी सोझै नेपाल फर्कियौँ ।
चारधाम गरी यात्रा भयौँ पवित्र संझियौँ ॥
(१६७)

तीर्थभोज गरी आफ्ना बोलायौँ सन्तती सब ।
प्रसाद साथमा भोज ख्वाई मान्यौँ महोत्सव ॥
(१६८)

थालेँथेँ फेरि बिस्तारै ब्रह्माभ्यास अलौकिक ।
अनुवाद गरेँ लेखेँ वेदान्तग्रन्थ मौलिक ॥
(१६९)

गरी शास्त्रार्थ हामीले सुनी पुराणको कथा ।
भयो जीवन सन्मार्गी शान्त भो मनको व्यथा ॥
(१७०)

घुमी भारतका चारधाम पश्चिम दक्षिण ।
जाने उत्तरका चारधामका तर्फ गो मन ॥
(१७१)

गरी श्रवण सप्ताह मन शुद्ध गरीकन ।
गरेथ्यौँ अनि प्रस्थान तीर्थमा नै दिई मन ॥
(१७२)

निष्काम कर्मले नास्छ मनको मल सर्वदा ।
विक्षेप मनको नास्छ अनन्या भक्तिले सदा ॥
(१७३)

यहाँबाट गयौँ सोझै हरिद्वार सरासर ।
त्यहाँबाट चढी यान लाग्यौँ उत्तरका तिर ॥

(१७४)

यमुनोत्री गई पैले गऱ्यौँ स्नान र दर्शन ।
गङ्गोत्तरी गयौँ फेरि गऱ्यौँ स्नान प्रपूजन ॥

(१७५)

त्यताबाट गयौँ हामी केदारनाथ तत्क्षण ।
मन्दाकिनी गरी स्नान गऱ्यौँ केदारदर्शन ॥

(१७६)

रेतकुण्ड गई पिण्डदान र पितृतर्पण –
गरेर, बदरीनाथ गयौँ यान चढीकन ॥

(१७७)

पुगेर बदरी धाम आनन्दित खुबै भई ।
गरेथ्यौँ स्नान हामीले अलका कुण्डमा गई ॥

(१७८)

तत्पश्चात् नै गयौँ हामी बदरीनाथ मन्दिर ।
बदरीनाथको पूजा गऱ्यौँ भएर सुस्थिर ॥

(१७९)

गऱ्यौँ ब्रह्मकपालीमा पिण्डदान र तर्पण ।
गरी दर्शन सर्वत्र फर्कियौँ द्वार तत्क्षण ॥

(१८०)

हरिद्वार गयौँ हामी ऋषिकेश भईकन ।
एक रात बसी फर्क्यौँ हामी नेपाल तत्क्षण ॥

(१८१)

घरमा फर्किई मैले भई पूर्ण समर्पित ।
वेदान्तग्रन्थ लेखेँथेँ लिई शङ्करको मत ॥

(१८२)

लेखेर ग्रन्थ ती मेरा भए सारा प्रकाशन ।
मुमुक्षु जनमा बाँडेँ जानुन् पढुन् भनीकन ॥

(१८३)

प्रत्येक वर्ष नै काशी जान्थेँ पत्नी लिईकन ।
गङ्गास्नान गरी गर्थ्यौँ श्रीविश्वनाथ दर्शन ॥

(१८४)

बिस्तारै इन्दिरा पत्नी रोगाक्रान्त भइन् जब ।
यात्रा धार्मिक सम्पूर्ण मेरा बन्द भए तब ॥

(१८५)

हिँड्नै डुल्नै भयो गाह्रो तिनी साह्रो भइन् अति ।
अस्पताल लगी राख्यौँ उपचार गर्‍यौँ कति ॥

(१८६)

उपचार भए व्यर्थ ब्रह्मलीन भई गइन् ।
पैले ब्रह्म थिइन् इन्दु फेरि ती ब्रह्म नै भइन् ॥

(१८७)

सम्झना निम्ति लेखेको 'इन्दिरास्मृतिकाव्य' हो ।
शोकाक्त काव्य यो हैन वेदान्तमय काव्य हो ॥
(१८८)

ऐले एक्लो भई बस्छु रामनाम जपीकन ।
वेदान्तग्रन्थ लेख्तैछु गर्दैछु ब्रह्मचिन्तन ॥
(१८९)

त्रिपन्नौँ ग्रन्थ लेख्तैछु यही अन्तिम ठान्दछु ।
सबैमा छ नमस्कार सबै नै गुरु मान्दछु ॥
(१९०)

प्रा.डा. श्रीध्रुवले लेखे समीक्षाग्रन्थ नै जुन ।
सारा ग्रन्थ पढी सारै सकारात्मक ली मन ॥
(१९१)

मेरा र ग्रन्थमा जे जे त्रुटि अशुद्धि ती थिए ।
उनले ती सबैलाई गुणका रूपमा लिए ॥
(१९२)

उपकारी गुणी विद्वान् अरूको सानु ली गुण ।
अति प्रफुल्ल भै गर्छन् विकास अनि वर्णन ॥
(१९३)

त्यस्तै डा. ध्रुवले मेरा कविता काव्य छन् जुन ।
मूल्याङ्कन गरी उच्च भित्रैसम्म पुगीकन ॥
(१९४)

पूर्वपश्चिमका सारा समीक्षा ग्रन्थका सित ।
तुलना उपमा राख्तै लेखे त्यो ग्रन्थ विस्तृत ॥
(१९५)

साहित्य ग्रन्थका साथै वेदान्त ग्रन्थमा पनि ।
चलाए लेखनी विद्वान् वेदान्तको स्वयं बनी ॥
(१९६)

जसले अरूको मान अमानी भै बढाउँछ ।
उसले आफ्नु नै मान अति उच्च गराउँछ ॥
(१९७)

ग्रन्थसार पढी सारा मन्तव्य सूक्ष्म दीकन ।
सम्पादन गरेकोमा धन्यवाद समर्पण ॥
(१९८)

यस्तै नै गुणले युक्त प्रा.डा. श्रीध्रुवजीकन ।
धन्यवाद र सम्मान अर्पन्छु नम्र भैकन ॥
(१९९)

डा. लक्ष्मीकान्त पन्थीले कारिका द्वय लीकन ।
संस्कृतमा अनुवाद गर्नुभो गर्छु वन्दना ॥
(२००)

उपप्रा. रोहिणीजीले मेरा ग्रन्थहरूकन ।
परिमार्जन गर्नुभो म गर्छु अभिवादन ॥
(२०१)

उपप्रा. नेत्रका साथै खड्ग खनालजीकन ।
उट्टङ्कण र संशुद्धि गर्नुभो गर्छु वन्दना ।।

(२०२)

अन्त्यमा –

भक्तिसाधन ली साक्षात् गरेमा ब्रह्मचिन्तन ।
यो ग्रन्थसारले भन्छ होइन्छ मुक्ति भाजन ।।

(२०३)

यसरी बुझ्न खोजेमा बुझिन्छ ग्रन्थसार यो ।
आजीवन तपस्याको फल हो ग्रन्थसार यो ।।

(२०४)

ॐ ब्रह्मार्पणमस्तु ।

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय
Acc. 25682/2972

लेखकका प्रकाशित ग्रन्थहरू

१. ज्ञान र भक्ति – २०६३
२. रासपञ्चाध्यायी – २०६४
३. ब्रह्मसाक्षात्कार – २०६५
४. उपनिषत्सार – २०६७
५. ब्रह्मसूत्रसार – २०६७
६. मणिरत्नमाला अनुवाद – २०६७
७. अध्यास र चतुःसूत्री – २०६८
८. वेदान्तपरिभाषासार – २०६८
९. श्रीकृष्णाय वयन्नुमः – २०६९
१०. परमसत्य – २०६९
११. अध्यास – २०६९
१२. अद्वैतसिद्धिः १ खण्ड – २०६९
१३. अद्वैतसिद्धिः २ खण्ड – २०७०
१४. अन्तिम उपदेश – २०७०
१५. ब्रह्मविद्या – २०७०
१६. अजातवाद – २०७१
१७. पराविद्या – २०७१
१८. अपरोक्षाऽनुभूति – २०७२
१९. औपनिषद पुरुष – २०७२
२०. द्रष्टा र दृश्य – २०७२
२१. श्रीमद्भागवत-अवतरणिका – २०७४
२२. अष्टावक्रगीता-अनुवाद – २०७५
२३. अवधूतगीता-अनुवाद – २०७५
२४. ऋते ज्ञानान्न मुक्तिः – २०७५
२५. ब्रह्मसूत्रकारिका – २०७८
२६. उपनिषत्कारिका – २०७८
२७. महावाक्य – २०७८
२८. वेदान्तचम्पू – २०७८
२९. ब्रह्मसूत्रकारिका-संस्कृत – २०७९
३०. उपनिषतकारिका-संस्कृत – २०७९
३१. सङ्क्षेपशारीरकसारसङ्ग्रहः संस्कृत– २०७५
३२. उसैको लागिको समीक्षा – २०२६
३३. ऋतुमन्थन, समीक्षा – २०४४
३४. सिर्जनाका फूलहरू, कवितासङ्ग्रह – २०५१
३५. बहादुर शाह, खण्डकाव्य – २०५२
३६. श्रद्धाञ्जलि, शोककाव्य – २०५२
३७. गीत तथा भजनसङ्ग्रह – २०५२
३८. अमरसिंहको चिट्ठी, काव्य – २०५३
३९. क्रान्तिदूत, खण्डकाव्य – २०५३
४०. आजका नेता, कवितासङ्ग्रह – २०५३
४१. विविधयात्रा, कवितासङ्ग्रह – २०५५
४२. यात्रैयात्रा, कवितासङ्ग्रह – २०५८
४३. पत्रैपत्र, कवितासङ्ग्रह – २०५९
४४. पृथ्वीविजय, काव्य – २०६२
४५. तीर्थहरूको यात्रावृत्तान्त – २०६४
४६. अनुस्मृति (जीवनयात्रा) – २०६७
४७. वन्दना, काव्य – २०६८
४८. कविशतक
४९. अष्ट्रेलियाको दैनिक
५०. आभास, कवितासङ
५१. कवितामञ्जरी, कवि
५२. इन्दिरास्मृतिकाव्य – २०७९
५३. ग्रन्थसार – २०८२

वे. ७८९